सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२८ असार २०८२, शनिबार (2 July 2025 atn day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्नयाँ

मैथिल नारीले जोगाएको मिथिला आर्ट





मिथिला कलाको प्रमुख वाहक महिला नै हुन्, परम्परागत रूपमा मधेशी महिलाले घरको भित्तामा चित्र बनाएर कला, भावना र जीवनशैली अभिव्यक्त गर्थे

कला

● एससी सुमन

अमेरिकी पूर्वराष्ट्रपतिहरूको रिटायर्ड लाइफ



वार्षिक दुई लाख ४६ हजार डलर पेन्सन र अन्य सुविधाका बाबजुद पूर्वराष्ट्रपतिहरूले पुस्तक लेखन, भाषण, उद्योग सञ्चालनलगायतमा आफूलाई व्यस्त राखे

विदेश

नेपालमा जात व्यवस्था



समाज

● मेखराज उदय

तत्कालीन मूलवासी राजा वा शासकहरूसँग सम्झौता गरी जात व्यवस्था लागू गर्न सफल भए

मधेशमा खडेरी, एकतिहाइ मात्रै रोपाइँ



गत वर्ष अन्यत्रको तुलनामा कम वर्षा भएको मधेशमा अहिले पनि खासै पानी परेको छैन, मौसमविद्ले आगामी दिनमा पनि मधेशमा धेरै पानी नपर्ने अनुमान गरेपछि मन्त्रिपरिषद् निर्णयबाटै प्रदेशलाई सुक्खा क्षेत्र घोषणा, वर्षा कुर्दा कुर्दै धानको ब्याड सुक्न थालेपछि किसान निराश

(विस्तृत पृष्ठ ७)

NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

मन्त्री गुप्ताको ७८ लाख घुस 'डिल'

मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न बिचौलियासँग सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले गरेका थिए ५३ लाखको डिल, घुस रकम राखिएका दुई झोला, नोटका नम्बर र फोटोसहित अख्तियारमा उजुरी

भूमि आयोग कास्कीको अध्यक्ष बनाउन अर्को २५ लाख डिल गर्दै गरेको अडियो पनि सार्वजनिक

प्रधानमन्त्री ओलीले भन्ने गरेका छन्

म भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ



प्रधानमन्त्री केपी ओलीले भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने बताउँदै आएका छन् । आफू पनि भ्रष्टाचार नगर्ने र अरूलाई पनि भ्रष्टाचार गर्न नदिने उनको घोषणा छ । २२ साउन ०८१ मा संसद्को राज्य व्यवस्था समितिको बैठकमा उनले भनेका थिए, 'म भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ । कसैले लाञ्छना लगाउनु बेग्लै कुरा हो । तर, मैले कुनै भ्रष्टाचार गरेको पाइएमा म यस धर्तीमा मात्र होइन, चित्रगुप्तसमक्ष पुगेर पनि बयान दिन तयार छु ।' त्यस्तै, २९ भदौ ०८१ मा काठमाडौंमा आयोजित एक कार्यक्रममा पनि उनले भनेका थिए, 'हामी नयाँ ढंगले नेपाललाई अघि बढाउन चाहिरहेका छौं । अब आगामी दिनमा तपाईंहरूले धेरै ठुल्ठुला भ्रष्टाचारका काण्डहरू आदिइत्यादि सानाठुला केही सुन्न पर्नेछैन ।'

सुवास भट्ट/नयाँ पत्रिका

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ७८ लाख घुस 'डिल' गरेका छन् । उनले मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न ५३ लाख घुस लिएको दाबी गर्दै घुस रकम राखिएका दुई झोला, नोट नम्बर र नोटका बन्डलको फोटोसहित अख्तियारमा उजुरी परेको छ । मन्त्री गुप्ताले भूमि आयोग कास्कीको अध्यक्ष नियुक्त गरिदिन बिचौलियासँग २५ लाख घुसको डिल गरेको छुट्टै अडियो पनि सार्वजनिक भएको छ । जसमा उनले भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई पनि पोलेका छन् ।

मन्त्री गुप्तासँग बिचौलियाले गरेको घुस डिलको अडियो संवाद (पृष्ठ २)

अडियोसहितको उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन सुरु गरिसकेको छ । करिब १० मिनेट लामो अडियो संवादमा मन्त्री गुप्ता एक महिलासहित बिचौलियासँग भूमि आयोगको जिल्ला अध्यक्ष नियुक्ति गर्न आर्थिक लेनदेनको कुरा गरिरहेका

» पृष्ठ २ मा क्रमशः



बिचौलियाले मन्त्री गुप्तालाई घुसस्वरूप बुझाएको दाबी गर्दै अख्तियारमा पेस गरेको ५३ लाख

■ प्रतिक्रिया माग्दा मन्त्री राजकुमार गुप्ताले सुरुमा भने-

आज नछाप्नूस्, भोलि भेटेर कुरा गरौं

पछि भने, 'त्यो अडियोको आवाज मेरो होइन'

नयाँ पत्रिका : मन्त्रीज्यूले घुस डिल गरेको अडियो प्राप्त भएको छ, त्यसबारे तपाईंको प्रतिक्रिया लिन फोन गरेको हो, के भन्नुहुन्छ ?

मन्त्री गुप्ता : के भो त...

नयाँ पत्रिका : अडियोमा तपाईंकै आवाज सुनिन्छ, के हो यसको सत्यता ?

मन्त्री गुप्ता : हैन आज नछाप्नूस्, भोलि भेटेर कुरा गरौं ।

नयाँ पत्रिका : हुन्छ, भोलि भेटौंला मन्त्रीज्यू, तर अहिलेचाहिँ आजको समाचारका लागि तपाईंको प्रतिक्रिया लिन खोजेको...

मन्त्री गुप्ता : भोलि दिन्छु (प्रतिक्रिया) नि म ।

भोलि कति बजे कहाँ भेट्ने ? कता आऊँ ?

नयाँ पत्रिका : भोलि थप समाचारका लागि भेटौंला, आजको समाचारमा प्रतिक्रिया भएन भने फेरि 'मेरो कुरा राख्नुभएन' भन्नुहोला, त्यसैले थोरै भए पनि आफ्ना कुरा भनिदिनुभयो भने ठिक हुन्थ्यो ।

मन्त्री गुप्ता : त्यो अडियो गलत हो, सही होइन । स्वर मेरो होइन, मैले कुनै त्यस्तो काम गर्‍या पनि छैन, तथ्यले बताउँछ । मेरो संलग्नता केही छैन ।

नयाँ पत्रिका : तर, अडियोमा त तपाईंकै आवाज सुनिन्छ नि ?

मन्त्री गुप्ता : त्यो होइन, प्रमाणका साथ डिटेलमा म भोलि बताउँछु नि । बरु कहाँ भेटौं, तपाईंकै अफिसमा आउँछु नि ।

■ मन्त्री गुप्ताले घुस प्रकरणमा भूमि व्यवस्थामन्त्री अधिकारीलाई पनि पोले-

बलरामले पैसा खाइसक्यो, काम गर्दैन

२५ लाखको घुस डिलसम्बन्धी अडियोमा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई समेत पोलेका छन् । मन्त्री अधिकारीले पैसा (घुस) खाइसकेको दाबी गरेका छन् । अडियोमा बिचौलियाले मन्त्री गुप्तालाई आग्रह गर्दै भन्छन्, 'सुन्नु न मन्त्रीज्यू, त्यो बलराम (भूमि व्यवस्थामन्त्री बलराम अधिकारी)लाई भनम् न । बरु, त्यो २० म बुझाइदिउँला के खेम (खेमबहादुर पुन)का लागि भोलि । फर्स्ट आवरमै बुझाइदिन्छु त्यो पनि । भन्दिनु त बलरामलाई ।' (पुनलाई भूमि आयोग कास्कीको अध्यक्ष नियुक्तिका लागि यो प्रस्ताव गरिएको बुझिन्छ ।)



बलराम अधिकारी

जवाफमा मन्त्री गुप्ता भन्छन्, 'बलरामले ऊसँग पैसा खाइसक्या छ, बलरामले (काम) गर्दैन ।' (गुप्ताले कास्की मालपोतका तत्कालीन प्रमुखको सरुवाका विषयमा यो कुरा गरेको अनुमान गर्न सकिन्छ ।) बिचौलियाले त्यो विषयमा होइन, भूमि आयोगमा नियुक्तिका सन्दर्भमा कुरा गरेको भन्दै गुप्तासँग भन्छन्, 'त्यो होइन क्या, आयोगको कुरा गरिराको छु ।' त्यसपछि पनि पटकपटक पुनलाई नियुक्ति गर्न मन्त्री अधिकारीलाई भनिदिन आग्रह गरेको सुनिन्छ । एकपटकको जवाफमा मन्त्री गुप्ता भन्छन्, 'अब अहिले मन्त्रालयमा छ, यहाँ (निवास) हुन्थ्यो भने आइहाल्थ्यो, तीनपाने रक्सी खान ।'

सूचना प्रविधि केन्द्रको सफ्टवेयर खरिदमा १६ करोड भ्रष्टाचार

तत्कालीन कार्यकारी निर्देशक पौडेल र ठेकेदारसहित ६ विरुद्ध मुद्दा

नयाँ पत्रिका



सुनील पौडेल

राष्ट्रिय सूचना प्रविधि केन्द्रको सफ्टवेयर खरिदमा करिब १६ करोड रुपैयाँको भ्रष्टाचार भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । शुक्रबार दायर मुद्दामा केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेल र ठेकेदारसहित ६ जना प्रतिवादी छन् ।

मिलेमतोमा गुणस्तरहीन सफ्टवेयर (प्रेसेयर) खरिद गरी अनियमित रूपमा भुक्तानी दिने र लिने कार्यमा संलग्न भएकाविरुद्ध मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । केन्द्रलाई हानि पुऱ्याउने बदनियतले निर्धारित सर्त तथा मापदण्डविपरीत गुणस्तरहीन प्रोसेसन रहेको स्टोरेज आपूर्ति गरिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

केन्द्रले आर्थिक वर्ष ०७६/७७ मा गुरुयोजना तयार नगरी मिलेमतोमा 'हाई कम्पुट इन्फ्रास्ट्रक्चर' खरिदका लागि स्पेसिफिकेसन तथा भ्याटसहित ३० करोड ९९ लाख ९९ हजार ९९९ रुपैयाँको लागत अनुमान तयार गरेको थियो । लागत अनुमानपछि बोलपत्र आह्वान गर्दा 'वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालि कान्तिपथ, काठमाडौं'को भ्याटसहित ३० करोड ६५ लाख ५५ हजार ७६३ रुपैयाँको बोलपत्र स्वीकृत गरेको थियो ।

केन्द्र र वर्ल्ड डिस्ट्रिब्युसनबिच १५ माघ ०७६ मा सम्झौता भएको थियो । सम्झौतापछि खरिद प्रक्रिया अघि बढाइएको थियो । केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेल, निर्देशक सफल श्रेष्ठ, सहायक निर्देशक रमेश पोखेल, कम्प्युटर इन्जिनियर रामशरण गायक, लेखा अधिकृत निमबहादुर वली र वर्ल्ड डिस्ट्रिब्युसनका अध्यक्ष तथा प्रबन्ध-निर्देशक अरुण श्रेष्ठले आपसी मिलेमतो गरेर खरिद गरेको अख्तियारको दाबी छ ।

झुटा कागजात पेस गरी अस्वाभाविक मूल्य कायम भएको प्रोसेसरबापत १५ करोड ८८ लाख ५० हजार रुपैयाँ भुक्तानी लिए/दिएको देखिएको अख्तियारको अभियोग छ । बढी भुक्तानी दिइएको यही रकमलाई अख्तियारले बिगो कायम गरेको छ ।

अख्तियारले केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेललाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ । पौडेलविरुद्ध १५ करोड ८८ लाख ५० हजार रुपैयाँ बिगो छ । सार्वजनिक संस्थाको प्रमुखको हैसियतमा उनीविरुद्ध थप सजायको मागदाबी पनि अख्तियारले गरेको छ । त्यस्तै, केन्द्रका तत्कालीन निर्देशक श्रेष्ठ, सहायक निर्देशक पोखेल र कम्प्युटर इन्जिनियर गायकलाई पनि १५ करोड ८८ लाख ५० हजार रुपैयाँ संयुक्त बिगो छ । केन्द्रका तत्कालीन लेखा अधिकृत वली र केन्द्र तथा त्यसका अध्यक्ष श्रेष्ठलाई पनि जनही १५ करोड ८८ लाख ५० हजार रुपैयाँ बिगो छ ।

■ गभर्नर पौडेलको पहिलो मौद्रिक नीति

अर्थतन्त्र चलायमान बनाउने प्रयत्न

मौद्रिक नीतिका मुख्य बुँदाहरू

- मुद्रास्फीति पाँच प्रतिशतभित्र सीमित राख्ने
- कर्जा प्रवाह १२ प्रतिशतले बढाइने
- ब्याजदर करिडोरको सीमा घटाइयो, बैंकदर ६ प्रतिशत, निक्षेप संकलन दर २.७५ प्रतिशत र नीतिगत दर ४.५ प्रतिशतमा सीमित
- पहिलोपटक घर निर्माण तथा खरिद गर्नेलाई अब तीन करोडसम्म ऋण, कर्जा मूल्य अनुपात पनि ८० प्रतिशत
- सेयर धितो कर्जाको सीमा १५ करोडबाट २५ करोड पुऱ्याइयो
- विदेश भ्रमणमा जाँदा नेपालीले पाउने सटही सुविधालाई २५ सय डलरबाट बढाएर तीन हजार डलर पुऱ्याउने
- बैंकहरूले आफैं मूल्यांकन गरेर कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसायमा १० लाखसम्म कर्जा प्रवाह गर्न सक्ने ।
- हुलाकी र मध्यपहाडी लोकमार्ग आसपासका क्षेत्रमा कर्जा प्रवाह गर्न उच्च प्राथमिकता, आधार दरमा दुई प्रतिशत मात्रै प्रिमियम थप गरेर ब्याजदर निर्धारण
- भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुमजस्ता क्षेत्रमा प्रवाह भएको कर्जा पुनर्तालिकीकरण/पुनर्संरचना गरिने
- व्यक्तिको क्रेडिट स्कोरको आधारमा ऋण दिने नीति अवलम्बन गरिने
- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादन अभिवृद्धि सम्बन्ध कर्जा प्रवाह सहजीकरण गरिने
- बैंक तथा वित्तीय संस्थाहरूको आधार दर गणनालाई यथार्थपरक बनाइने
- बजेटमा उल्लेख भएअनुसार 'नियो बैंक' स्थापनका लागि कानुनी र प्रक्रियागत व्यवस्था अघि बढाइने
- लघुवित्त वित्तीय संस्थालाई लाभांश वितरणमा सहजीकरण गरिने
- विदेशी लगानीकर्तालाई लाभांशलगायतका रकम फिर्ता लैजान सहजीकरण गरिने
- रेमिट कम्पनीहरूको वर्गीकरण गरिने, रेमिट्यान्स कारोबारमा प्रयोग हुने विनिमय दर पुनरावलोकन गरिने
- ग्रे लिस्टबाट नेपाललाई मुक्त बनाउन प्राप्त कार्ययोजनाबमोजिमका कार्य गर्न सम्बद्ध निकायहरूबिच प्रभावकारी समन्वय गरिने



मौद्रिक नीति प्रस्तुत गर्दै गभर्नर विश्वनाथ पौडेल



नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा भन्छन्-

रूपान्तरणकारी तथा डिपार्चर नीति देखिएन



सेयर लगानीकर्ता, घरजग्गा कारोबारी र आमव्यवसायी मौद्रिक नीतिबाट प्रफुल्लित देखिन्छन् । घर निर्माण तथा खरिदमा दिइने कर्जाको सीमा बढाइयो । घर खरिद वा निर्माण गर्ने युवा विदेशमा पलायन भएका छन् । तसर्थ, घरजग्गामा लगानी हुने अवस्था छैन । सेयर कर्जाको सीमा बढाइयो, तर सरकारले आईपिओ निष्कासनको अनुमति रोकेर राखेको छ । प्राथमिक बजारलाई निरुत्साहन गरेर दोस्रो बजारलाई केन्द्रमा राख्नुहुन्न । अहिले सेयर बजार बढाएर भोलि ऋचास भयो भने त्यसको जिम्मा कसले लिने ? यस्ता नीति अर्थतन्त्र र वित्तीय स्थायित्वका लागि घातक हुन सक्छ । मौद्रिक नीतिले साना तथा मझौला व्यवसायमा जाने कर्जालाई प्राथमिकीकरण गर्ने भन्यो । तर, अर्बौं-खर्बौंमा खेल्ने बैंक गाउँमा गएर १० लाख ऋण दिएर बस्छन् जस्तो लाग्दैन । वास्तविक क्षेत्रलाई वास्ता गरेको देखिएन । रूपान्तरणकारी तथा डिपार्चर नीति देखिएन ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्र बैंकले अल्पकालीन रूपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने गरी मौद्रिक नीति ल्याएको स्पष्ट गरेको छ । निजी क्षेत्रले मौद्रिक नीतिको स्वागत गरेको छ । विज्ञहरूले भने नीतिले अर्थतन्त्रको वास्तविक क्षेत्र बेवास्ता गरेको र यसले वित्तीय स्थायित्वमा सहयोग पुऱ्याउन नसक्नेमा चिन्ता व्यक्त गरेका छन् ।

नीतिमा ब्याजदर घटाउने, चालू पुँजी कर्जा मार्गदर्शन पुनरावलोकन गर्ने, एकल सेयर कर्जाको सीमा १५ करोडबाट २५ करोड पुऱ्याउने, पहिलोपटक घर खरिद-निर्माण गर्दाको कर्जाको सीमा दुई करोडबाट तीन करोड पुऱ्याउने र कर्जा अनुपात ८० प्रतिशत बनाउने, घरजग्गामा प्रवाहित कर्जा पुनर्तालिकीकरण गर्ने, विदेश भ्रमणको सटही सुविधा बढाउने

» पृष्ठ २ मा क्रमशः

■ सरकारले लियो प्रजननदर बढाउने नीति

दुई सन्तानको नीति हटाएर 'प्रजनन दम्पतीको अधिकार' कायम

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले जनसंख्या सन्तुलन कायम राख्न प्रजननदर बढाउने नीति अंगीकार गरेको छ ।

१० वर्षमै कुल प्रजननदर प्रतिमहिला २.६ बाट १.९४ झरेपछि (०७८ को जनगणना) सरकारले 'प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजननदर र जनसंख्याबिच सन्तुलन कायम गर्न सम्बन्धित नीतिमा सुधार गर्ने' शुक्रबार सार्वजनिक राष्ट्रिय जनसंख्या नीति ०८२ मार्फत उद्घोष पनि गरेको छ । सरकारले यसअघि महिलाको प्रजनन स्वास्थ्य सुधारका लागि भन्दै 'दुई सन्तान, सानो परिवार सुखी परिवार'को नीति अंगीकार गर्दै आएको थियो ।

जनसंख्या नीति ०७१ प्रतिस्थापन गर्दै ल्याएको नयाँ नीतिमा सरकारले प्रजनन दरलाई वृद्धि अर्थात् १.९४ बाट बढाउने लक्ष्य राखेको छ । त्यस्तै, हाल सबैभन्दा धेरै

» पृष्ठ २ मा क्रमशः



१० वर्षअघि एक दम्पती दुई सन्तान नीति ल्याएको सरकारले दुईभन्दा बढी सन्तान जन्माएमा सुत्केरी बिदा, भत्ता वा अन्य सुविधा नदिने व्यवस्था गरेको थियो । तर, शुक्रबार सार्वजनिक नयाँ नीतिमा प्रजननलाई दम्पतीको अधिकारका रूपमा व्याख्या मात्र गरिएको छैन, जति सन्तान जन्माए पनि राज्यले सेवासुविधा दिनुपर्छ भनेको छ ।

३० वर्षभित्र तीन सन्तान पाइसक्न प्रधानमन्त्रीको आग्रह

जनसंख्या नीति ०८२ सार्वजनिक गर्दै प्रधानमन्त्री केपी ओलीले सरकारले २० वर्षपछि विवाह गर्न कानुनी प्रबन्ध गरेकाले समयमा विवाह गरेर ३० वर्षभित्र तीन सन्तान पाइसक्न आग्रह गरे । 'मानिस भएकाले हरेक देशको अर्थ छ, धर्तीको अर्थ छ । जनसंख्या हुँदैनथ्यो भने देश हुँदैन । हामीले मानव जातिको अस्तित्व र सुखपूर्ण अस्तित्व रक्षाका लागि उपयुक्त नीति र कदमहरू चाल्नुपर्छ,' ओलीले भने, 'सृष्टिको सिर्जनाका लागि मानव जातिजति मूल्यवान् अर्को छैन । कृपया आफ्नो स्वार्थका लागि मान्छे मार्नेहरू यो धन्दा छोड । जनसंख्याका बारेमा गोष्ठी र सेमिनार पनि गर्ने अनि आमविनाशका हतियार बनाएर मान्छे पनि मारिरहने क्रमले मानव संसारको अस्तित्व बच्दैन । जनसांख्यिक असन्तुलनलाई कायम रहन दिनुहुँदैन ।'

अर्थतन्त्र चलायमान...

पृष्ठ १ बाट क्रमशः

र केही नियामक लचकतालगायत व्यवस्था छन् ।

गभर्नर पौडेलले मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलोलाई निरन्तरता दिएका छन् । सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाएको उनले बताए ।

यसबाट निजी क्षेत्रको पुँजी निर्माण र सरकारको आन्तरिक ऋण परिचालनको लागतमा समेत कमी आई आर्थिक गतिविधि अभिवृद्धि सहज हुने उनको भनाइ छ । चालु आवमा पनि मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो नै रहेको छ ।

'यस मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशीकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु,' गभर्नर पौडेलले बताए।

आगामी आवमा मुद्रास्फीतिलाई ५ प्रतिशत भित्र कायम गर्ने लक्ष्य लिइएको छ । बजेटमा उल्लेख भएअनुसार ६ प्रतिशतको आर्थिक बृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने राष्ट्र बैंकको भनाइ छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता किरण पण्डितले मौद्रिक नीतिमार्फत अर्थतन्त्र चलायमान बनाउन खोजेको बताए । 'मौद्रिक नीतिको दायरा वित्त नीतिको जस्तो व्यापक हुँदैन । तर, त्यसबाटै अर्थतन्त्रलाई अल्पकालीन रूपमा चलायमान बनाउन खाजेका छौँ । समग्रमा अल्पकालीन रूपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने गरी मौद्रिक नीति ल्याएका छौँ,' उनले भने । नीतिले धेरै क्षेत्रमा प्रभाव देखाउने उनले बताए । 'ब्याजदर करिडोरको सीमा घटाएसँगै सरकारको आन्तरिक ऋणको ब्याज पनि कम हुन जान्छ । साथै, यसले सरकार तथा व्यवसायीको कन्फिडेन्स बढाउँछ भन्नेमा विश्वस्त छौँ,' उनले भने, 'साना व्यवसाय, कृषि, मझौला व्यवसायलाई पनि कर्जा प्रवाहमा प्राथमिकतामा राखेका छौँ । यसले पनि साना व्यवसायीमा आत्मबल बढाउँछ ।'

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले मौद्रिक नीति उदार र निजी क्षेत्रमैत्री देखिएको बताए । 'एकल सेयर कर्जाको सीमा बढाइएको छ । घर खरिद गर्दा दिइने कर्जा र कर्जाको अनुपात पनि बढाइएको छ । ब्याजदर करिडोरको सीमा घटाइएको छ । घरजग्गामा प्रवाह भएको कर्जा पुनर्तालिकीकरण गर्ने भनिएको छ । साना किसानलाई पनि कर्जा प्रवाहमा प्राथमिकतामा राखिएको छ । हुलाकी र मध्यपहाडी राजमार्ग वरिपरिका किसानलाई १० लाख रुपैयाँसम्म कर्जा दिने भनिएको छ,' उनले भने, 'अहिले सेयर लगानीकर्ता, घरजग्गा कारोबारी र आमव्यवसायी मौद्रिक नीतिबाट प्रफुलित छन् ।'

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले राष्ट्र बैंकको नयाँ मौद्रिक नीतिलाई स्वागतयोग्य बताए । 'हामीले राखेका अधिकांश सुझाव राष्ट्र बैंकले मौद्रिक नीतिमा समावेश गरेको छ । समग्रमा आउँदो आर्थिक वर्षको नीति बैंकिङ क्षेत्रका लागि सकारात्मक छ,' उनले भने । उनका अनुसार एकल सेयर कर्जाको सीमा २५ करोड रुपैयाँ पुऱ्याइनु, घर कर्जाको सीमा तीन करोड बनाइनु र मूल्य-कर्जा अनुपात ८० प्रतिशत कायम गरिनुले कर्जाको माग बढ्ने सम्भावना छ । त्यसैगरी, ब्याजदर करिडोरको सीमा घटाइएपछि बैंक सञ्चालनमा सहजता आउने कोइरालाको भनाइ छ । 'हाल स्प्रेड दर निकै न्यून हुँदा बैंकहरूले आम्दानी गर्न चुनौती भोगिरहेका छन्,' उनले भने, 'अब ब्याजदर घट्दा केही सहजता आउने आशा छ ।'

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाले अर्थतन्त्रको वास्तविक क्षेत्रलाई मौद्रिक नीतिले बेवास्ता गरेको उनको भनाइ छ । 'घर निर्माण तथा खरिदमा दिइने कर्जाको सीमा बढाइयो । घर खरिद वा निर्माण गर्ने युवा विदेशमा पलायन भएका छन् । तसर्थ, घरजग्गामा लगानी हुने अवस्था छैन,' उनले भने, 'सेयर कर्जाको सीमा बढाइयो, तर सरकारले आइपिओ निष्कासनको अनुमति रोकेर राखेको छ । प्राथमिक बजारलाई निरुत्साहन गरेर दोस्रो बजारलाई केन्द्रमा राख्नुहुन्न । अहिले सेयर बजार बढाएर भोलि क्र्यास भयो भने त्यसको जिम्मा कसले लिने ? यस्ता नीति अर्थतन्त्र र वित्तीय स्थायित्वका लागि घातक हुन सक्छ ।'

थापाले वास्तविक क्षेत्रलाई मौद्रिक नीतिले पर्याप्त प्राथमिकता नदिएको बताए । 'मौद्रिक नीतिले साना तथा मझौला व्यवसायमा जाने कर्जालाई प्राथमिकीकरण गर्ने भन्यो । तर, अर्बौं-खर्बौंमा खेल्ने बैंक गाउँमा गएर १० लाख ऋण दिएर बस्छन् जस्तो लाग्दैन । वास्तविक क्षेत्रलाई वास्ता गरेको देखिएन । रूपान्तरणकारी तथा डिपार्चर नीति देखिएन,' उनले भने ।

घर र सेयर बजारप्रति उदार

गभर्नर विश्वनाथ पौडेल घर निर्माण/खरिद र सेयर बजारप्रति उदार देखिएका छन् । उनले निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा दुई करोडबाट बढाएर तीन करोड रुपैयाँ पुऱ्याउने बताएका छन् । पहिलोपटक घर निर्माण-खरिद गर्ने व्यक्तिलाई ८० प्रतिशतको कर्जा मूल्य अनुपातमा ऋण प्रवाह गर्ने नीति ल्याएका छन् । अन्यको हकमा भने ७० प्रतिशतको अनुपातमा कर्जा प्रवाह गर्ने नीति ल्याउने मौद्रिक नीतिमा उल्लेख छ । घरजग्गामा प्रवाह भएको कर्जासमेत पुनर्तालिकीकरण गर्ने व्यवस्था मौद्रिक नीतिमा उल्लेख छ ।

यस्तै, सेयर धितोमा प्रवाह गरिने एकल कर्जाको सीमा पनि १५ करोडबाट २५ करोड रुपैयाँ पुऱ्याउने मौद्रिक नीतिमा उल्लेख छ । 'बैंक तथा वित्तीय संस्थाहरूबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोडबाट बढाई २५ करोड बनाइनेछ,' उनले भने ।

मझौला उत्पादनलाई प्राथमिकता

राष्ट्र बैंकले उत्पादनलाई समेत प्राथमिकतामा राखेको छ । बैंक तथा वित्तीय संस्थाहरूले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैँले मूल्यांकन गरी १० लाखसम्मको कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गर्ने नीति ल्याइएको छ । कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गरी न्यून र मध्यम आय भएका घरपरिवारको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले यस्तो नीति ल्याउन खोजेको गभर्नर पौडेलले बताए ।

यसरी प्रवाह हुने १० लाखसम्मको कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिने पनि बताइएको छ । मौद्रिक नीतिमा थप भनिएको छ, 'बैंक तथा वित्तीय संस्थाहरूले खाद्यान्न, बाली, पशुपन्छी, माछापालनलगायत कृषि व्यवसायसँग सम्बन्धित कार्यका लागि व्यक्ति वा व्यावसायिक फर्मलाई फसल तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी विभिन्न अवधि र प्रकृतिका कर्जा प्रवाह गर्न सक्ने व्यवस्थालाई थप सरलीकरण गर्दै कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ ।'

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादन अभिवृद्धि गर्ने उद्देश्यका लागि बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जामा सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ ।

यस्तै, हुलाकी र मध्यपहाडी लोकमार्गआसपासका क्षेत्रमा उद्योग व्यवसाय प्रवर्द्धन गर्न कर्जा प्रवाहलाई प्राथमिकतामा राखिने पनि बताइएको छ । त्यसआसपासका क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (संकेत) लिएका होटेल तथा रेस्टुरेन्ट र उद्योग व्यवसायहरूलाई प्रवर्द्धन गर्न कर्जामा प्रोत्साहन गरिने बताइएको छ । किसानालाई लक्षित गरेर यो नीति ल्याइएको गर्भनर पौडेलले बताए ।

त्यसका लागि तीन करोडसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था मिलाइने बताइएको छ । साथै, आधार दरमा बढीमा दुई प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

यस्तै, चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा आवश्यकतानुसार परिमार्जन गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ ।

ब्याजदर करिडोरका सीमा घटाइयो

मौद्रिक नीतिमार्फत ब्याजदर करिडोरको सीमा घटाइएको छ । करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतबाट घटाएर ६ प्रतिशतमा सीमित गरिएको छ । ब्याजदर करिडरको तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दरलाई पनि तीन प्रतिशतबाट घटाएर २.७५ प्रतिशतमा सीमित गरिएको छ । नीतिगत दरलाई पनि पाँच प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको मौद्रिक नीतिमा उल्लेख छ ।

भूकम्प प्रभावित कर्जा पुनर्तालिकीकरण गरिने


जाजरकोट, रुकुमलगायत भूकम्प प्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिले लिएको कर्जा पुनर्तालिकीकरण/पुनर्संरचना गर्ने पनि बताइएको छ । 'बैंक तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यका आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनर्तालिकीकरण/पुनर्संरचना गर्न सक्ने व्यवस्था मिलाइनेछ,' मौद्रिक नीतिमा छ ।

ज्योति विकास बैंक लिमिटेडको महाराजगंज शाखा कार्यालय स्थानान्तरण सम्बन्धी जरुरी सूचना

यस ज्योति विकास बैंक लिमिटेडको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, महाराजगंजमा संचालनमा रहेको महाराजगंज शाखा कार्यालय मिति २०८२/०३/२९ गते आइतबार देखि काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, नारायण गोपाल चोक नजिकै (साविकको स्थानबाट करिब २०० मिटर अगाडि दक्षिण तर्फ) स्थानान्तरण भई सोही स्थानबाट सम्पूर्ण बैंकिङ्ग कारोबार संचालन हुने व्यहोरा समस्त ग्राहक महानुभाव तथा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराउदछौं ।

आवश्यक जानकारीको लागि महाराजगंज शाखाका शाखा प्रबन्धक श्री प्रज्ञा कडेल (९८०२३१४१८८) लाई सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

Google Map को लागि QR Scan गर्नुहोस् ।



ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७३०६-१२
शाखा कार्यलय : महाराजगंज, काठमाडौं फोन नं. ०१-४०१७५०८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सर्टिफिकेट हरायो

मिति २०८१/३/२० गते पुतलीसडक बाट अनामनगरसम्म जाँदा **+2** को **NEB** बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name: Amrita Darnal
Reg.No : 777680008
Symbol No. : 27615610
Contact : 9748274493

VACANCY ANNOUNCEMENT

Construction of the main civil works (lot-2), headrace tunnel using Tunnel Boring Machine (TBM) of the Upper Tamor Hydropower Project (285 MW)

Have the vacancy for below mentioned vacancies for skilled and capable personnel.

S. No.	Designation	Qualification	Requirement no.	Experience	Skills
1	Assistant of the QA/QC	Diploma or Equivalent	1	3 years	Construction Management Team and Compulsory Chinese Language
2	Director of International Business	Bachelor in Management or Equivalent	3	6 years	Construction Management Team and Compulsory Chinese Language
3	Executive Project Manager	Bachelor in Engineering or Equivalent	1	6 years	Construction Management team and Compulsory Chinese Language
4	Site Technician	Diploma or Equivalent	3	3 years	Highly Skilled and Compulsory Chinese Language
5	Supervisor for Equipment and Material	Bachelor in Engineering	2	3 years	Highly Skilled and Compulsory Chinese Language
6	Supervisor for Structure Work	Diploma or Equivalent	3	3 years	Highly Skilled and Compulsory Chinese Language
7	Supervisor for Technical Work	Diploma or Equivalent	2	3 years	Highly Skilled and Compulsory Chinese Language

Interested candidates are encouraged to apply with updated Biodata, Academic certificate, PP size photo to **cregc.nepalhr@gmail.com.**

Please note: The last date for application submission: 7 days from advertisement date

मन्त्री गुप्ताको...

पृष्ठ १ बाट क्रमशः

सुनिन्छन् । यो डिल मन्त्रीनिवासमा भएको आशंका गरिएको छ । पुरानै चिनजान र पटक-पटकको लेनदेनजस्तो गरी मन्त्री र बिचौलियाबिच अनौपचारिक संवाद अडियोमा सुनिन्छ ।

अडियोमा एमालेका गण्डकी प्रदेश सदस्य खेमबहादुर पुनलाई भूमि आयोग कास्कीको अध्यक्षमा नियुक्त गर्नका बिचौलियाले २५ लाख घुसको प्रस्ताव गरेका छन् । संवाद भएकै १५ लाख र भोलिपल्ट थप १० दिने अडियोमा सुनिन्छ । अडियो संवादमा आएका सन्दर्भ र घटनाक्रमले यो 'डिल' गत २८ पुसमा भएको देखिन्छ । किनभने बिचौलियासँगै रहेकी महिलाले भोलिपल्ट श्रीस्वस्थानी व्रतकथा प्रारम्भ हुने र त्यस दिन आफ्नो छोराको जन्मदिन रहेको बताएकी छिन् । त्यस्तै, भोलिपल्ट आयोगमा नियुक्ति हुने र त्यही दिन शपथको तयारी पनि भइरहेको उनले बोलेको अडियोमा सुनिन्छ । नभन्दै २९ पुसमा भूमि व्यवस्था मन्त्रालयले ७० जिल्लामा आयोग अध्यक्ष नियुक्त गरेको थियो । यद्यपि, पुनले भने नियुक्ति पाएनन् । बिचौलियाले मन्त्री गुप्तालाई भूमिसुधारमन्त्रीसँग भनेर काम गराइदिन पटक-पटक आग्रह गरेका छन् ।

यही १० असारमा 'घुस-रिसवत लिने विभागीय मन्त्रीलाई कारबाही गरिपाऊँ' भन्ने विषयसहित अख्तियारमा उजुरी परेको थियो । दुईवटा विषय जोडेर छानबिनको माग गर्दै अख्तियारमा उजुरी परेको छ । त्यसमा कास्कीका तत्कालीन मालपोत कार्यालय प्रमुख रामचन्द्र अधिकारीलाई थमौती गरिदिने र यही भूमि आयोगको जिल्ला अध्यक्ष नियुक्तिको विषय छ । मालपोत कार्यालय प्रमुखको थमौतीका लागि मन्त्री गुप्ताले ५३ लाख रुपैयाँ लिएको दाबी उजुरीमा छ ।

निवेदकले बुझाएको पैसाको नम्बर र नोट तस्बिरसहित उजुरी गरेका छन् । '...संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले कास्की जिल्लास्थित तत्कालीन मालपोत कार्यालय प्रमुख रामचन्द्र अधिकारीलाई थमौती गरिदिन्छु भनी घरजग्गा व्यवसायीसँग भनी ५३ लाख रुपैयाँ लिएको पैसाको नम्बर र नोटको तस्बिर यसैसाथ संलग्न छ,' अख्तियारमा परेको उजुरीमा उल्लेख छ ।

उही घरजग्गा व्यवसायीबाट मन्त्री गुप्ताले भूमि आयोगको सदस्य बनाउनका लागि २५ लाख रुपैयाँ घुस डिल गरेको अडियो प्राप्त भएको पनि उजुरीमा खुलाइएको छ । यसमा पनि पैसाको नोट नम्बरसहित उजुरीकर्ताले अख्तियारमा उजुरी गरेका छन् । उजुरीकर्ताले दुवै डिलमा पैसाको तस्बिर र नोट नम्बर उल्लिखित डायरी र अडियोसमेत उजुरीसाथ संलग्न गरेर अख्तियारमा बुझाएका हुन् । 'यसबारे अनुसन्धान गरी मन्त्री गुप्तालाई तत्काल नियन्त्रणमा लिई भ्रष्टाचार निवारण ऐन, २०५८ अनुसार तत्काल कारबाहीका लागि अनुरोध छ,' उजुरीमा छ ।

त्यसैबिच मन्त्रीको घुस प्रकरणमा उजुरी परेपछि अख्तियारले छानबिन नै थालेको छ । प्राप्त उजुरी प्रमाणहरूका आधारमा प्रारम्भिक छानबिन थालिएको अख्तियार स्रोतले बतायो । 'उजुरीमा उल्लिखित विषयमाथि भेरिफाई गर्दै छौँ,' अख्तियार स्रोत भन्छ, 'अहिले नै यकिन गर्न सकिने अवस्था छैन ।'

पोखरा महानगरपालिका- ३२ का खेमबहादुर पुन एमाले गण्डकी प्रदेश कमिटी सदस्य हुन् । पुन ०७४ र ०७९ को स्थानीय तह निर्वाचनमा पोखरा-३२ को वडाध्यक्षमा पराजित भएका थिए । शुक्रबार राति नयाँ पत्रिकाले टेलिफोन सम्पर्क गर्दा उनले आफूले घुस नदिएको दाबी गरे । भूमि आयोगको अध्यक्ष नियुक्तिका लागि पैसा दिएको भन्ने कुरा बाहिर आएको छ, त्यो के भएको हो भन्ने प्रश्नमा उनले भने, 'कसले भन्यो त्यो मैले पैसा दिएको भन्या भनेर ।' हाल अडियोसहित बाहिर आएको छ निभन्ने प्रश्नमा उनले जवाफ दिए, 'कहाँ मैले दिएको भनेको छ, नचाहिँदो कुरा नगर्नुस् तपाईंहरूले ।'

कहाँ हो त्यो सम्बन्धित ठाउँ ?

अडियो संवादमा मन्त्री गुप्ताले जिल्ला भूमिसुधार कार्यालय कास्कीमा प्रमुखको थमौतीका लागि लिने रकम (५३ लाख) अर्को दिन सम्बन्धित ठाउँमा पुऱ्याउने भनेर अर्को शक्तिकेन्द्र पनि जोडेका छन् । बिचौलियाले 'सत्यनारायण हाम्रो गुरुजी हो । मन्त्रीज्यू म मगाइदिन्छु । र तपाईं राख्नू' भनेका छन् । जवाफमा मन्त्री गुप्ताले भनेका छन्, 'राख्ने होइन, भोलि बिहानै दिएर पठाउनुपर्छ । सम्बन्धित ठाउँमा पुऱ्याइदिन्छु ।' दुवै मन्त्री एमाले नेता हुन् । गुप्ताले सम्बन्धित ठाउँ भनेर सरकारको, पार्टी नेतृत्व वा अन्य कुनै शक्तिकेन्द्रतिर इसारा गरेको स्पष्ट छ, तर कुन भन्ने जवाफ छैन । तर, बिचौलियाले एक ठाउँ 'बा' भनेर प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीको पनि प्रसंग निकालेका छन् ।

मन्त्री गुप्तासँग बिचौलियाले गरेको घुस डिलको अडियो संवाद

मन्त्री : फोन गर न उल्लाई ।

कोही व्यक्ति : अँ फोन गरिरा'छु ।

बिचौलिया : सत्यनारायण हो हाम्रो गुरुजी । मन्त्रीज्यू म मगाइदिन्छु । र तपाईं राख्नू ।

मन्त्री : राख्ने होइन, भोलि बिहानै दिएर पठाउनुपर्छ । सम्बन्धित ठाउँमा पुऱ्याइदिन्छ ।

कसैको नम्बरमा फोन डायल हुन्छ, तर फोन उठ्दैन ।

मन्त्री : ह्विस्की खाने ?

बिचौलिया : नखाने के मन्त्रीज्यू, मैले कहिल्यै खान्नँ के ।

मन्त्री : कहिल्यै खानुहुन्न ?

बिचौलिया : सुनु न मन्त्रीज्यू, त्यो बलराम (भूमिसुधारमन्त्री बलराम अधिकारी)लाई भनम् न । बरु, त्यो २० म बुझाइदिउँला के खेमका लागि भोलि । फर्स्ट आवरमै बुझाइदिन्छु त्यो पनि । भन्दिनु त बलरामलाई ।

मन्त्री : बलरामले ऊसँग पैसा खाइसक्या छ, बलरामले गर्दैन ।

बिचौलिया : त्यो होइन क्या, आयोगको कुरा गरिरा'को छु क्या,

मन्त्री : आयोग भन्नाले ?

बिचौलिया : खेम पुनका लागि के । २० बुझाइदिन्छु के । भन्दिनु त बलरामलाई । भन्दिनु त मन्त्रीज्यू ।

फोन बज्छ...

मन्त्री : हेल्लो । अहँ । उम्म् । फोनमा बात कि भाषण कर्‌रहा ?

बिचमा महिला आउँछिन् । केही कुराकानी भएको सुनिन्छ ।

बिचौलिया : तपाईं टेन्सन नलिनु त । भोलि समस्या हल भइहाल्छ ।

महिला : मलाई कति टेन्सन छ तपाईंलाई थाहा छैन ।

बिचौलिया : तपाईं टेन्सन नलिनु त । भोलि समस्या हल भैहाल्छ त... ।

महिला : छोराको तिथिको बर्थडे छ, उलाई मन्दिर लानु छ । तिथिमा भा'को होइन त, स्वस्थानी पूर्णिमाको ? त्यसपछि पशुपति जानु छ, ममीकोमा सगुन लिन जानु छ । भोलि २९ गते अन्तिम दिन ।

बिचौलिया : भोलि दिनको हुन्छ, शपथग्रहण अनि तपाईं चुप लागेर बस्नुस् त !

महिला : तपाईंकै अघि छ त !

महिला : हाम्रो मन्त्रीज्यूले एकपटक भन्दिनुपऱ्यो के बलरामलाई, भनिस्यो न ! केही पनि नमान्ने भनिस्यो न ।

बिचौलिया : मेरो एउटा मान्छे पनि नबनाइदिने ? भन्नु त (हाँस्दै) ।

महिला : कस्तो मान्दैन ।

बिचौलिया : लामो हाँसो ।

तपाईंसँग सयवटा काम पर्छ त्यसको भनेको, तपाईंको एउटा काम नगर्दिएर हुन्छ । त्यसमाथि सबैले प्रेसर दिएको छ उसलाई । बाले समेत भने होलान् उस्तै परे भने ।

मन्त्री : यो त पोलिटिकल नियुक्ति हुँदै दिएको । जिल्लाबाट आउनुपर्छ, प्रदेशबाट आउनुपर्छ ।

बिचौलिया : दाइ उसको सिफारिसै आइसक्यो । हत्तेरी, उसको सिफारिस भको के मन्त्रीज्यू । निर्णय भाछ प्रदेशबाट यसरी । यता हेर्नु । प्रदेशले निर्णय गरेर पठाएछ नि यसरी । खेमबहादुर पुन भनेर एकल सिफारिस भएर आएको छ यसरी ।

मन्त्री : जिल्लाबाट ?

बिचौलिया : जिल्लाले प्रदेशलाई भने, प्रदेशले मन्त्रालयलाई पठाउने ।

मन्त्री : अनि फेरि समस्या के छ ?

बिचौलिया : अरू-अरू मान्छे खेलिरा'छ नि त त्यहाँ । यहाँ नि खुराक छुटिरा'छ नि त ।

महिला : मन्त्रीज्यूले भनेपछि मानिहाल्छ नि ।

मन्त्री : अब अहिले मन्त्रालयमा छ, यहाँ हुन्थ्यो भने आइहाल्थ्यो, तीनपाने रक्सी खान ।

महिला : खै कसले भनेको मान्छ के उसले, मन्त्रीहरूमा पनि ... ।

मन्त्री : कहाँ छ कृषिमन्त्री ? केरे भूमिसुधारमन्त्रीको... रक्सी पार्टी थियो रे ।

महिला : सबै मन्त्रीहरूको ।

महिला : छोरो खान्छ काठमाडौं आएपछि ।

मन्त्री : उसलाई फोन गर्नुस्, भूमि आयोगको अध्यक्षका लागि, कास्की होइन ?

बिचौलिया : कास्की, खेमबहादुर पुन ।

मन्त्री : कास्कीको जिल्ला कमिटीले सिफारिस गरेको छ ।

बिचौलिया : प्रदेशले निर्णय गरेर पठाएको छ ।

मन्त्री : प्रदेशले पनि गरेको छ भनेपछि त्यो पक्का हो, त्यही पनि शंका छ भने गडबड हुन्छ । कति छ, भोलिकै काम ।

बिचौलिया : १ बजे शपथग्रहण छ ।

मन्त्री : फोनमा (अहिले निस्किनु न बाबा, गाडी आइरा'छ मन्त्रालयबाट । भेट हुन्छ, आउनु न म बोत्तल दिन्छु लिएर जानु खुवाइदिनु, उहाँको ओके गराइदिनु । माल कति लिन्छ अहिले लिइदिने । त्यो नियमले मिल्ने रहेछ, जिल्ला कमिटीले सिफारिस गऱ्या छ, प्रदेशले सिफारिस... ।

बिचौलिया : प्रदेशले एकल निर्णय गरेर पठाइद्या छ

मन्त्री : भोलि गरिदिनु ।

बिचौलिया : जिल्लाले पाँचजनाको गऱ्या छ क्या, प्रदेशले चाहिँ त्यहाँमध्ये छानेर एउटा मात्र पठाएको छ ।

महिला : डिलकै गरौँ ?

बिचौलिया : भन्नु न, डिल गरौँ भन्नु त ।

बिचौलिया : मन्त्रीज्यू, यसो गर्छु सुन्नुस्, मैले अहिले १५ छोड्छु, १० चाहिँ बिहान ल्याएर दिन्छु, त्यो अदालतको ।

बिचौलिया : यसो हो ... अदालत ... पर्सि उहाँले सामान्यबाटै गर्दिनुहुन्छ ।

महिला : मन्त्रीज्यूका हातमा... ।

बिचौलिया : मञ्जुरी एस र नो भनेर आउँछ रे, उहाँहरूलाई केही आउँदैन (हाँस्दै)

बिचौलिया : पोखराको जग्गाले हामीलाई टुलुटुलु हेरेर बसिरहेको छ मन्त्रीज्यू, अनि हामी यहाँ यसरी हेरेर बसेर हुन्छ ?

मन्त्री : १५ महिनामा के हेरिरा'छ त ?

बिचौलिया : गऱ्या छ त अलिअलि काम त ।

मन्त्री : हाँसो ।

बिचौलिया : त्यत्तिकै पछुतो लागेन होला नि त मन्त्रीज्यू, लिएर आउनुस् त त्यो ।

मन्त्री : १५ महिना के गरिरा थिनीहरूले ?

बिचौलिया : १५ गरौँ, १५ गरिदिन्छ रे ।

बिचौलिया (महिलासँग) : नकराउनु न तपाईं, भोलि गराउँला क्या ... मलाई पोखरा पुऱ्याई... २५ मै ... । तपाईंलाई थाहा छ कि नाइँ ... ।

महिला : बुझ्या छु त, तपाईंको... ।

बिचौलिया : म्याडमले मलाई के भन्या छ थाहा छ ? घरै नआइज तँ अरे ।

महिला : चित्त दुखिहाल्छ नि बिचरा !

बिचौलिया : छलफल चलिरा'छ त्यहाँ ।

महिला : कास्की ... ।

मन्त्री : के खानुहुन्छ त ?

बिचौलिया : केही नखाने हो मन्त्रीज्यू, तपाईंको त्यत्रो चिया खाएको देख्नुभएन ।

मन्त्री : माछा खानुहुन्छ ?

बिचौलिया : माछा-मछली केही नखाने, अब माझीकुनामा माछा खान जाने हो तपाईंले काम गरेपछि ।

बिचौलिया : (फोनमा) ल हुन्छ हुन्छ । गर्दिएँ, सबै गर्दिएँ ।

मन्त्री : आउनु न फेरि तपाईं भन्नुहुन्छ भने । (हिँडेको आवाज)

बिचौलिया : सटै सट रहेछ । कुच्चिने हो कि फेरि... तपाईं दुइटा कुरा गर्नुस् ।

अर्को व्यक्ति : तपाईं कुरा गर्नुस् क्या ।

मन्त्री : आउनु न ।

ती व्यक्ति : ट्वाइलेट गएर आएँ क्या मन्त्रीज्यू । मन्त्रीज्यू तपाईंको फोन आयो क्या हो ।

दुई सन्तानको...

पृष्ठ १ बाट क्रमशः

जनसंख्या रहेको (१५-५९ वर्ष उमेर समूह) बाट अर्थतन्त्रमा लाभ लिने परिकल्पना गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले ०७१ को जनसंख्या नीतिमा प्रजननदर नियन्त्रण गर्न खोजिएकामा अहिले बढाउने नीति लिइएको बताए । 'त्यतिखेर एक दम्पती दुई सन्तान भनिएको थियो । दुईभन्दा बढी सन्तान जन्माएमा सुत्केरी बिदा, भत्ता वा अन्य सुविधा नदिने भन्ने थियो,' उनले भने, 'अहिलेको जनसंख्या नीति, २०८२ ले प्रजनन दम्पतीको अधिकार हो भनेर व्याख्या गरेको छ । जति सन्तान जन्माए पनि राज्यले सेवा-सुविधा दिनुपर्छ भनेको छ ।'

गुणस्तरीय जनसंख्या व्यवस्थापनका लागि दुई वर्षभित्र उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिए पनि थप खुलाइएको छैन । गुणस्तरीय जनसंख्या व्यवस्थापनका लागि प्रजननदर र जनसंख्याबिच सन्तुलन कायम राख्न नीतिगत, प्रणालीगत र कार्यगत क्षेत्रमा सुधार गरी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने,' जनसंख्या नीतिमा भनिएको छ, 'गुणस्तरीय परिवार निर्माणका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्दै परिवार योजनाका सेवालाई सुदृढ गर्ने ।'

राष्ट्रिय जनगणना, २०७८ अनुसार हिमालका सबै जिल्लासमेत गरी ३४ जिल्ला र ३१९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक छ । दशकमा १५ वर्षमुनिका बालबालिकाको संख्या ३४.९ प्रतिशतबाट २७.८ मा झरेको छ । ६० वर्षभन्दा माथिको जनसंख्या १० वर्षमा ८.१ प्रतिशतबाट बढेर १०.२१ प्रतिशत पुगेको छ । नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २१ जना र मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १५१ जना छ । जन्मँदाको लैंगिक अनुपात ११२:१०० छ । त्यस्तै, १५ देखि ५९ वर्ष उमेरको जनसंख्या ६१.९ प्रतिशत छ । नीतिले मातृ तथा शिशु मृत्युदर शून्यमा झार्ने र आमा-शिशुको प्रजनन स्वास्थ्यमा जोड दिएको छ । 'सन्तान बेलैमा जन्माऊ, हुर्काऊ र उत्पादनमूलक काममा लगाउनुपर्छ भन्ने कुरा पनि नीतिले बोलेको छ,' डा. बुढाथोकीले भने, 'नीति कार्यान्वयनका लागि सबै निकायले आ-आफ्नो दायित्वबोध गर्नुपर्छ । शिक्षाले शिक्षा दिने काम गर्नुपऱ्यो, श्रमले रोजगार र सिप दिनुपऱ्यो । कृषिले उत्पादनमूलक काम गर्नुपऱ्यो, सरकारका जुन-जुन निकाय छन्, ती निकायले समग्र जनसंख्यालाई बढी ध्यानमा राख्नुपऱ्यो ।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले तथ्यांकीय अवस्था हेर्दा जन्मदरमा निरन्तर कमी आउनु चिन्ताको विषय रहेको बताए । उनका अनुसार औसत आयुमा बढोत्तरी, बालबालिकाको संख्यामा कमी, ज्येष्ठ नागरिकको संख्यामा वृद्धि, युवा पिँढीमा प्रजननसम्बद्ध मनोव्यवहारगत परिवर्तन, वैदेशिक रोजगारी एवं शैक्षिक आप्रवासनमा युवा वर्गको बढ्दो आकर्षण तथा अव्यवस्थित आन्तरिक बसाइँसराइ र सहरीकरणले जनसंख्यामा असमानता बढ्दो छ । प्रजननदर प्रतिस्थापन तहभन्दा तल रहेको र जनसंख्या वृद्धिदर न्यून हुँदै गएको परिप्रेक्ष्यमा यस सवाललाई सम्बोधन गर्दै भविष्यमा जनसांख्यिक लाभको प्रभावकारी उपयोग हुन सक्ने मन्त्री पौडेलले बताए । जनसंख्या वृद्धिदर घट्दै गएको र युवा जनसांख्यिकीय लाभांश लिन नसकिएको र जनसांख्यिकीय चुनौती सम्बोधनका लागि सरकारले प्रयास थालेको जानकारी गराए । 'नेपालको अहिले देखिएको जनसांख्यिकीय चुनौतीलाई समाधान गर्न यो नीतिलाई मार्गदर्शनका रूपमा अंगीकार गर्दै तीनै तहका सरकारमार्फत प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन हुने विश्वास लिएको छ,' उनले भने ।

■ त्रिभुवन विश्वविद्यालय, केन्द्रीय जनसंख्या विभागका प्रमुख प्राडा योगेन्द्रबहादुर गुरुङ भन्छन्-

बच्चा यतिउति जन्माऊ भनेर मात्र हुँदैन, शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी हुनुपर्छ

बच्चा यतिउति जन्माऊ भनेर मात्र हुँदैन । वातावरण तयार हुनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी हुनुपर्छ । बच्चा जन्माउँदा हुर्काउनेदेखि शिक्षा, स्वास्थ्यमा हुने खर्चको लेखाजोखा पनि गर्छ । जनसंख्या प्रजननदर भनेको सामाजिक, आर्थिक र सांस्कृतिकसँगसँगै जाने हो । विकसित हुँदै जानु भनेको घरदेखि बाहिर काममा जाने बढे भनेर बुझिन्छ । महिला पनि घरबाहिर निस्कए, जागिरलगायत आयआर्जनमा छन् भनेर बुझिन्छ । मान्छे राम्रो शिक्षा, रोजगारीका लागि बाहिर जान्छ, प्रतिस्पर्धी विश्वमा 'ग्लोबल भिलेज' भइसक्यो । जनसंख्या देशमै राख्छु भनेर पनि हुँदैन । स्वदेशमा शिक्षा, स्वास्थ्य सुलभ र रोजगारको वातावरण तयार गर्नुपर्छ । समग्र विकासको भिजन चाहिन्छ ।

हरेक कुराको नीति २५, ५०, २०० वर्षको भविष्य हेरेर बनाउनुपर्छ । आवश्यकता र प्राप्ति हेर्नुपर्छ । तर, नेपालमा अहिलेको जनसंख्याको आकार ठिक छ छैन भनेर मूल्यांकन पनि भएको छैन । भविष्यमा कस्तो र कुन आकारको जनसंख्या चाहिएको छ तय भएको छैन । विकसित देशमा जनसंख्यामा क्राइसिस आएको छ, नेपालमा आइसकेको छैन, तर भविष्यमा आउन सक्छ । प्रजननदर बढाउने नीति लिँदा भविष्यको जनसंख्या, विकास, ओद्योगिकीकरणको पनि लक्ष्य हुनुपर्छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २८ असार ०८२
nayapatrikaofficial @nayapatrika



जनकपुर क्षेत्रका घरका भित्तामा कोरिएका मिथिला चित्र

मैथिल नारीले जोगाएको मिथिला आर्ट

मिथिला कलाको प्रमुख वाहक महिला नै हुन्, परम्परागत रूपमा मधेशी महिलाले घरको भित्तामा चित्र बनाएर कला, भावना र जीवनशैली अभिव्यक्त गर्थे

एससी सुमन मिथिला कला संरक्षण र प्रवर्द्धनमा झन्डै तीन दशकदेखि सक्रिय छन् । यस क्रममा उनले फ्रान्स, नेदरल्यान्ड, अस्ट्रेलिया, जापान, चीनलगायत देशमा मिथिला चित्रकला प्रदर्शनी गरिसकेका छन् । उनको कलामा मधेशको जनजीवन प्रतिबिम्बित हुन्छन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान लोककला विभागका अध्यक्षसमेत भइसकेका उनी मिथिला, थारू, सन्थाल, धिमाललगायत जातजातिको लोककला र संस्कृतिबारे अनुसन्धानरत छन् । चित्रकार सुमनसँग मिथिला कलाको सांस्कृतिक, सामाजिक, धार्मिक पक्षबारे ***पवन बराइली****ले गरेको कुराकानी :*

कला



● एससी सुमन

मिथिला चित्रकलाले मधेशको संस्कृति, परम्परा र जनजीवनलाई चित्रण गर्छ । यसमा रङ र रेखाबाट गाउँघर, धार्मिक परम्परा, विवाह संस्कारजस्ता मधेशको परामपरालाई जोडिन्छ । त्यसैले, मिथिला कला प्रकृति, धर्म, दर्शन र सामाजिक चेतनाको संगम हो ।

मिथिला कलामा प्रयोग हुने रङ पनि छुट्टै छ । जसमा रङहरूको जीवनदर्शन पाइन्छ । मिथिला कलामा प्रयोग हुने रङहरू रातो, हरियो, पहेँलो, निलो आदि हुन् । रातो (सौभाग्य, प्रेम, शक्ति र विवाहको प्रतीक, हरियो (जीवन, हरियाली, पुनर्जन्म), पहेँलो (आशा), सेतो (पवित्र), निलो, (स्थिरता) शान्ति र भगवान् कृष्णको प्रतीक हुन्छ । त्यसैले मिथिला कला केवल चित्र होइन, यो एक जीवनशैली, एक दार्शनिक दृष्टिकोण हो । जसले प्रकृति, नारी, धर्म, परम्परा र समाजको सम्मान गर्दै जीवनलाई समग्रमा बुझ्न मद्दत गर्छ ।

मेरो चित्रकलाले जीवन दर्शन, सामाजिक सन्देश र सांस्कृतिक चेतनालाई अभिव्यक्त गर्छ । एक मैथिल कलाकारका हिसाबले मेरा चित्रहरूले रङ, रेखा र प्रतीकमार्फत सामाजिक असमानता, जातीय पहिचान र मानवीयताको संवाद गर्छन् । यी चित्रमा मैथिली, तराई/मधेशका परम्परागत लुगाफाटा, गहना तथा जनजीवन झल्किने दृश्य देखिन्छन् । चित्रकलामार्फत जीवनदर्शन, सामाजिक चिन्तन र संस्कृति अभिव्यक्त गर्ने गरेको छु ।

■ मिथिला कला मधेशको आत्मा

कलामा स्थानीयपन र मौलिकता महत्त्वपूर्ण हुन्छ । भौगोलिक विशेषताअनुसार कलाको विकास हुन्छ । जस्तै- पहाडी, तराई, हिमाली जीवनशैली, संसाधन र संस्कारले कलामा प्रभाव पार्छ । स्थानीय संस्कृति र परम्पराले लोककला जन्माउँछ । यस्ता संस्कृति र परम्परा लोककलाका अभिन्न हिस्सा हुन् ।


नेवार समुदायको जात्रा र नाचहरू काठमाडौं उपत्यकाको पहिचान हो । थारू समुदायको 'झुमरा नाच' तराई क्षेत्रसँग जोडिएको छ । मधेशमा माटोबाट मूर्ति बनाउने र मिथिला चित्रकला प्रसिद्ध छ । लोककला त्यो समुदायले पुस्तौंदेखि अभ्यास गर्दै आएको सांस्कृतिक सम्पदा हो । विशिष्ट पोसाक, नाचगान, चित्रकला, हस्तकला आदिले समुदायको जीवनदृष्टि, मूल्य र कथा बयान गर्छ । मेरो बुझाइमा मिथिला कला मधेश प्रदेशको मात्र होइन, सम्पूर्ण मधेश (पूर्वदेखि पश्चिमसम्मको समथर भूभाग तराई)को पहिचान हो । मिथिला कला केवल चित्रकला होइन, यो जीवनशैली, परम्परा र सामाजिक चेतनाको अभिव्यक्ति हो ।

मिथिला कलामा मधेशको इतिहास, संस्कार, लोकगाथा, देवीदेवता, कृषि जीवन र नारी शक्ति स्पष्ट झल्कन्छ । यसको विशेष शैली, प्रतीकात्मकता, उज्याला रङहरू र परम्परागत विषयवस्तुले मधेश र मिथिला क्षेत्रको मौलिकता बोकेको छ ।

मिथिला कला समग्र मधेशको आत्मा हो । जसले रङ, रूप र रेखाबाट शोषित आवाज बोलिरहेको हुन्छ । मिथिला चित्रमा विभिन्न धार्मिक तथा सांस्कृतिक अनुष्ठानसमेत समावेश हुन्छन् । परम्परागत विवाह अनुष्ठान, पानी ग्रहण, राम-सीता विवाह, धार्मिक मिथकमा आधारित चित्रहरू, छठपर्व, सूर्य उपासना गर्ने विशेष पर्वको झल्को, व्रत र पूजा, परम्परागत जीवनशैली, ग्रामीण जीवन, नारी सशक्तीकरण र कृषिजस्ता विषय सममावेश हुन्छन् ।

कला र समाज एक-अर्कासँग अन्योन्याश्रित हुन्छन् । कलाकार सामाजिक मुद्दाप्रति सचेत हुनुपर्छ । कलाकार निष्पक्ष अवलोकनकर्ता मात्र होइन, सामाजिक न्यायको पक्षधर पनि हुनुपर्छ । कला समाजबाटै प्रेरित हुन्छ । समाजलाई बदल्ने शक्तिसमेत कलामा हुन्छ ।

मिथिला कलाले मधेशका सामाजिक संघर्षहरू, जस्तै- गरिबी, बेरोजगारी, जातीय विभाजन, लैंगिक हिंसा, शिक्षामा असमानताजस्ता विषय कमै मात्रै समेटेको पाइन्छ । मधेश विभिन्न जात, भाषा र समुदायको संगम हो । यसकारण यी सबै पक्षमा मिथिला कला विस्तार हुन आवश्यक छ । यस्तै परम्परागत ढाँचा र शैलीमा सीमित हुँदा बजारमुखीकरण, प्रशिक्षण र विषय खोजीको अभावसमेत देखिन्छ । कलाकारहरू परम्परागत, धार्मिक र सांस्कृतिक विषयमा मात्रै केन्द्रित हुँदा सामाजिक यथार्थ समेटिएका छैनन् । मिथिला चित्रकलाको माग विशेषगरी धार्मिक र परम्परागत रूपमा बढी हुने भएकाले पनि कलाकारहरू त्यतै लागेका हुन सक्छन् । कलाकारलाई सामाजिक यथार्थ चित्रण गर्ने प्रशिक्षण वा हौसला दिने संस्थागत पहल आवश्यक छ ।



रामजानकी विवाह झल्काउने मिथिला चित्र

■ मिथिला कसमस-कल्पवृक्ष शृंखला

'मिथिला कसमस-कल्पवृक्ष' श्रृंखलामार्फत मिथिला कला, सांस्कृतिक स्मृति, धार्मिक स्मरण र आधुनिक संवेदनशीलता एकीकृत गरेको छु । यी चित्रले समय, प्रकृति, समाज तथा मानव-प्रकृति सम्बन्धको दर्शन प्रस्तुत गर्छ । मिथिला परम्परागत चित्रकलामा प्राकृतिक वस्तु, जस्तै- माछा, कमलको डाँठ र फूल, हात्तीलाई गहन प्रतीक मानिन्छ । आधुनिक दृष्टिकोणले कृतिमा 'कल्पवृक्ष'ले जीवनका चाहना, सामाजिक इच्छा र राष्ट्रिय आकांक्षा अभिव्यक्त गर्छ ।

मिथिला कलामा विवाह, पूजा, परम्परा, देवीदेवताको चित्रण र लोककथा निकै गहिरो रूपमा चित्रित हुन्छन् । यी मधेशको सांस्कृतिक जीवनको अभिन्न अंश हुन् । खेतबारी, गाईवस्तु, किसानको जीवन, चुलोचौको, पानी भर्ने दृश्य आदि कहिलेकाहीं चित्रमा देखिन्छन् । यी दृश्यले ग्रामीण मधेशको झल्को दिन्छ । मिथिला पेन्टिङ प्रायः महिलाले बनाउने भएकाले तिनीहरूको दृष्टिकोणबाट दैनन्दिन जीवनका दृश्य देखिन्छ ।

■ महिलाको भावना अभिव्यक्त गर्ने कला

मिथिला कला मधेशको संस्कारको चित्रण हो । यसले मधेशको धार्मिक, सामाजिक, सांस्कृतिक र वातावरणीय पक्षलाई जीवन्त राख्ने काम गर्दै आएको छ । यो केवल चित्र मात्र होइन, संस्कार, पहिचान र इतिहासको दस्ताबेज हो । यसको मधेशी समाज र संस्कारसँग अविच्छिन्न सम्बन्ध छ । मिथिला कलाका भूमिचित्र 'अरिपन' र भित्ती चित्र 'कोहबर' (नवविवाहित दम्पतीको सुहागरात कक्ष सजाउने तान्त्रिक चित्र) विवाह संस्कारसँग सम्बन्धित छ । यस्तै, अंगलेखन गोदना चित्र, जुन शरीरमा बनाइने पारम्परिक चित्र हुन् । अंगलेखनलाई मधेशी महिलाको संस्कारमा महत्त्वपूर्ण स्थान दिइन्छ । यो जनजीवन धार्मिक तथा लोकविश्वासमा आधारित छ । मिथिला चित्रमा प्रायः रामायण, महाभारत, शिव-पार्वती, राधा-कृष्णजस्ता धार्मिक कथा हुन्छन् । यसले प्रचलित वैदिक र लोकधर्मी परम्परालाई कलामार्फत जीवन्त बनाउँछ ।

मिथिला कला परम्परागत रूपमै महिलाद्वारा संरक्षण, विकास र प्रवर्द्धन गरिएको हो । उनीहरूले प्राचीनकालदेखि घरका भित्तामा चित्रांकन गरी यो कला संरक्षण गर्दै आएका छन् । प्राचीनकालमा विवाह, जन्म, चाडपर्वजस्ता शुभ अवसरमा भित्तीचित्र कोरेर सांस्कृतिक मान्यतालाई उतार्ने गर्थे । यसकारण मिथिला कलाको प्रमुख वाहक महिला नै हुन् । परम्परागत रूपमा मधेशी महिलाले घरको भित्तामा चित्र बनाएर कला, भावना र जीवनशैली अभिव्यक्त गर्ने गर्थे ।

मानव सभ्यताको सुरुवातमा पुरुष र महिलाबिच काम विभाजन हुँदा पुरुषलाई घरबाहिरको काम र महिलालाई घरभित्रको काम गर्ने जिम्मा दिएको किंवदन्ती छ । जीवनयापनका क्रममा महिलाले घरलाई सुन्दर बनाउन विभिन्न कलाकृतिको निर्माण गर्थे । त्यतिबेला उनीहरूले धार्मिक अनुष्ठानका बेला देवी-देउताका विभिन्न चित्रबाट घरलाई सजाउँथे । यिनै कलालाई विभिन्न अनुष्ठानसँग जोडेर लोककलाका रूपमा विकास गरियो । कलालाई देवता प्रसन्न पार्न प्रयोग गर्न थालियो । प्रत्येक उत्सवहरूमा पूर्ण निष्ठापूर्वक मैथिल महिलाले कलात्मक चित्र बनाउन थाले । कालान्तरमा मिथिला संस्कृतिको संवाहक बन्यो ।

अहिले मिथिला चित्रकलाले महिलालाई आर्थिक स्वतन्त्रता दिन थालेको छ । यहाँका महिला कलाकारका लागि चित्र आम्दानीको स्रोत बनिरहेको छ । मिथिला क्षेत्रमा हजुरआमा, आमा वा जेठी महिला सदस्यले छोरी वा अन्य सदस्यलाई चित्रकला सिकाउने परम्परा छ । जसले पुस्तान्तरण र सिर्जनशीलतामा अग्रसरता दिइरहेको छ । महिलाले परम्परागत विषयवस्तुको संरक्षण मात्र होइन, समसामयिक विषयवस्तुसँग पनि यसको संयोजन गर्दै सिर्जनात्मकता देखाउँदै आएका छन् । मिथिला कला महिलाको आत्माभिव्यक्तिको सशक्त माध्यम हो । उनीहरूले यसलाई जीवित राखेका छन् ।

> कला र समाज एक-अर्कासँग अन्योन्याश्रित हुन्छन् । कलाकार सामाजिक मुद्दाप्रति सचेत हुनुपर्छ । कलाकार निष्पक्ष अवलोकनकर्ता मात्र होइन, सामाजिक न्यायको पक्षधर पनि हुनुपर्छ । कला समाजबाटै प्रेरित हुन्छ । समाजलाई बदल्ने शक्तिसमेत कलामा हुन्छ ।

■ मौलिक परम्परासँग जोडिएको कला

रहनसहन र चित्रकलामा मिथिला क्षेत्र समृद्ध छ । यहाँको मुख्य भाषा मैथिली हो । मैथिली आर्य भाषा हो, जुन नेपालसँगै भारतका केही ठाउँ (बिहार र झारखण्ड)मा समेत बोलिन्छ । मैथली क्षेत्रले कोशी र मधेश प्रदेशका भाग समेटेको छ । नेपालमा यो दोस्रो सबैभन्दा धेरै बोलिने भाषा पनि हो । यसलाई भाषाविद् सर जर्ज अब्राहम ग्रियर्सनले 'सबैभन्दा मिठो भाषा'का रूपमा समेत वर्णन गरेका छन् ।

■ समृद्ध परम्परागत कला

मिथिला कला केवल दृश्य सौन्दर्यमा मात्र सीमित छैन, यसमा जीवनदर्शन, सामाजिक सन्देश र आध्यात्मिकता गहिरो रूपमा समाहित भएको हुन्छ । मिथिला कलामा वृक्ष, फूल, सूर्य, चन्द्र, जनावर, चराहरू चित्रित गरिन्छन् । यसले प्रकृतिप्रतिको श्रद्धा र मानव र प्रकृतिबिचको सम्बन्धको चित्रण गर्छ । यसले जीवनको स्थायित्व र सन्तुलनमा प्रकृतिको भूमिका र सम्मानलाई उजागर गर्छ । 'कच्छप' (कछुवा) वा पीपलको रुखको चित्रणले दीर्घायु र संरक्षणको सन्देश दिन्छ ।

परम्परागत रूपमा महिलाद्वारा सिर्जित भएकाले स्त्री-जीवनका आयामको कलामा प्रधानता हुन्छ । त्यसैले यसमा विवाह, मातृत्व, दैवीशक्तिको आराधनाजस्ता प्रमुख विषय समेटिन्छन् । यसले नारीलाई सृष्टिको मूल, जीवनदायिनीका रूपमा चित्रण गर्छ । दुर्गा, सीता, राधाजस्ता पात्र मिथिला कलामा प्रमुख रूपमा कोरिन्छन् । विवाह, चाडपर्व, ग्रामीण जीवनशैली आदिको चित्रणले सामाजिक एकता र परम्पराको संरक्षणलाई महत्त्व दिएको देखिन्छ ।

जनकपुरधामलाई मिथिला संस्कृतिको मुख्य केन्द्र मानिन्छ । जनकपुरका राजा जनकले छोरी सीतासँग विवाह गर्न आएका रामलाई स्वागत गर्न जनकपुरका भित्तामा मिथिला चित्र बनाउन लगाएको किंवदन्ती छ । जानकी मन्दिर, विवाह मण्डपजस्ता ऐतिहासिक र सांस्कृतिक स्थल यहाँ छन् ।

यस्ता चित्र सामान्यतः बिहे, पूजा, व्रत-त्योहार आदिमा बनाउने चलन थियो । परम्परागत रुपमा यो कला ग्रामीण क्षेत्रका महिलाले घर, पर्खाल, भुइँ र आँगनमा माटो, पिठो, गोबर आदिले बनाउने गर्थे । विशेषतः चाडपर्वमा पूजा-आराधनाका लागि चित्र कोर्ने गरिन्थ्यो । महिलाले आफ्नो मनमा उठेका स्वाभाविक कल्पना तथा उद्वेगलाई पनि चित्रमार्फत व्यक्त गर्ने गर्थे ।

■ मधेशको जनजीवन

मिथिला चित्रकलामा विशेषगरी कृषि जीवनशैलीको चित्रण, कृषकहरूको दैनिक जीवन, खेत जोत्ने, रोपाइँ गर्ने, हल हान्ने, फसल भित्र्याउने आदि दृश्य सामान्य रूपमा देखाइन्छ । महिलाहरू खेतमा काम गरिरहेको, पानी भरेर ल्याइरहेको, अन्न सफा गरिरहेको आदि चित्र पनि मिथिला चित्रकलामा देखाइन्छ । जसले ग्रामीण मधेशी महिला जीवनशैलीलाई उजागर गर्छ । यसले कृषि पेसाप्रतिको सम्मान र महत्त्व प्रकट गर्छ ।

■ राज्यको भूमिका

शिल्पशिक्षाको पारखी मधेशी महिलाकै कारण मिथिला कलाले निरन्तरता पाइरहेको छ । मिथिला कलाबाट यहाँका महिला आर्थिक सशक्तीकरण र उद्यमशीलतातर्फ बढिरहेका छन् । जसले महिलालाई आत्मनिर्भर बनाउन सघाउ पुगेको छ । अब राज्यले यस्ता कला संरक्षणका लागि संग्रहालय र संस्कृति केन्द्र बनाउन आवश्यक छ । अनुसन्धान र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न ढिला भइसक्यो । बजारसम्मको पहुँच व्यवस्था गर्न आवश्यक छ । राज्य, कलाकार र मधेशी समुदायबिच साझेदारी अपरिहार्य बनेको छ ।

मिथिला कला संरक्षणका लागि विशेष नीति तथा कानुन निर्माण गर्नुपर्छ । विद्यालय तथा कलेजको पाठ्यक्रममा मिथिला कला समावेश गरी नयाँ पुस्तालाई जानकारी दिनु आवश्यक छ । प्राचीन मिथिला चित्रकला तथा दस्ताबेजलाई डिजिटल माध्यमबाट अभिलेखीकरण गर्नु आवश्यक छ । विदेशमा नेपाली सांस्कृतिक महोत्सवमा मिथिला कला प्रदर्शनीमा जोड दिनुपर्छ । मिथिला कलाकारलाई अनुदान, छात्रवृत्ति र राष्ट्रिय पुरस्कार प्रदान गरी मिथिला कलाको संवर्द्धन र प्रवर्द्धनका लागि पहल गर्नुपर्छ ।


मन परेका ८ पुस्तकबारे


मानवशास्त्री सुरेश ढकाल



म विश्वविद्यालयमा पढाउँछु। अनुसन्धान गर्छु। त्यसैले पुस्तक पढ्नु मेरा लागि व्यावसायिक आवश्यकता हो। सामान्यतया, पुस्तक पढ्नु भनेको संसार चिन्नु हो। संसारलाई जति चिन्नुहुन्छ, त्यति नै आफूलाई चिन्नुहुन्छ। त्यसैले पुस्तक पढ्नु भनेको संसारलाई चिन्नु र बुझ्नु हो। त्यसको तात्पर्य आफैंलाई चिन्ने र बुझ्ने भन्ने नै हो। मान्छेको जीवनमा कसैले पनि फरक समय, फरक भूगोल, फरक समाज, फरक जीवन बाँच्न सक्दैन। तर, पुस्तक पढेर फरक समय, भूगोल, समाज, जीवनका बारेमा जानकारी पाउनुहुन्छ। पुस्तकले ज्ञानलाई समृद्ध बनाउँछ। जुनसुकै पेसा, व्यवसाय, उद्यम, अभियानमा भए पनि पुस्तकले सहयोग गर्छ। त्यसैले पुस्तक पढ्छु। पढ्नु मेरो रुचि पनि हो।


■ **गन्स, जर्म्स एन्ड स्टिल** – म आलोचनात्मक इतिहासमा बढी रुचि राख्छु। विस्तृत हिसाबले भन्दा मार्क्सवादी आलोचनात्मक सिद्धान्तमा आधारित पुस्तक मेरो रुचिका विषय हो। यो अर्थमा गन्स, जर्म्स एन्ड स्टिल मन पर्ने पुस्तक हो। जेरेड डायमन्डले लेखेको यो पुस्तक सन् १९७७ मा प्रकाशित भएको हो। पुस्तकले मानव र समाज विकासबारे बहस सिर्जना गरेको छ।






■ **द डन अफ एभ्रिथिङ : अ न्यु हिस्ट्री अफ ह्युम्यानिटी** – मानवशास्त्री डेभिड ग्रेभर र डेभिट विंग्रोले संयुक्त रूपमा लेखेका हुन्। पुस्तक सन् २०२१ मा प्रकाशित भएको हो। पुस्तक मानव विगतका बारेमा परम्परागत भाष्यको आलोचना हो।

■ **ल्यान्ड टेनर एन्ड ट्याक्सेसन इन नेपाल** : पुस्तक महेशचन्द्र रेग्मीले लेखेका हुन्। पुस्तक सन् १९७७ मा प्रकाशित भएको हो। यो पुस्तक नेपालको आर्थिक इतिहास हो। ऐतिहासिक रूपमा नेपालको अर्थतन्त्रलाई बुझ्ने हो भने यो पुस्तक अनिवार्य हो। पुस्तकमा भूमिको इतिहास मात्र होइन, भूमि व्यवस्था कस्तो थियो ? भूमिको जगमा राणाकालीन, पञ्चायतकालीन र त्योभन्दा अघि कस्तो राजनीति थियो भन्ने विस्तृत रूपबाट बताइएको छ। यो पुस्तक एक खालको आधिकारिक र प्रामाणिक इतिहास हो भन्दा हुन्छ।





■ **अ पिपुल्स हिस्ट्री अफ द वर्ल्ड** : पुस्तक क्रिस हर्मनले लेखेका हुन्। पुस्तकमा जटिल मानव इतिहास, समाजको विकास कसरी भयो ? त्यतिवेला आममानिसको भूमिका कस्तो हुन्थ्यो ? भन्ने उल्लेख गरिएको छ। मानव विगतदेखि यहाँसम्म कसरी आइपुर्‍यौं पछिल्लो समय साम्राराज्यवाद, उपनिवेशवाद, पुँजीवादका विकाससम्मका कथालाई आलोचनात्मक हिसाबले चलनचल्तीको भन्दा फरक ढंगबाट व्याख्या गरेकाले यो पुस्तक मलाई मन पर्छ।

■ **सोह साँझ** : पुस्तक गोविन्द वर्तमानले लेखेका हुन्। माओवादी र सरकारको सशस्त्र द्वन्द्वले थिलथिलो पारेको द्वन्द्व प्रभावित पश्चिम नेपालका कैलाली, बागलुङ, रोल्पालगायत जिल्लामा गएर द्वन्द्वबाट प्रभावितहरूको जीवन, जिजीविषा, पीडा, यथार्थ र आफू बाँच्नका लागि अन्याय, अत्याचारका बाबजुद पनि गरिरहेको संघर्षबारे लेखिएको यात्रा संस्मरण हो। पुस्तकमा युद्धक्षेत्रमा बाँच्नका लागि प्रयत्न गरिरहेका आममान्छेको कथा पढ्न पाइन्छ।





■ **प्रेतकल्प** : यो पुस्तक नारायण ढकालले लेखेका हुन्। उपन्यासमा राणाकालीन अन्तिम अवस्थाको काँठक्षेत्रमा राणाहरूको अवस्थाका बारे पढ्न सकिन्छ। त्यो वेला बिस्तारै निर्माण हुँदै गरेको प्रतिरोध, चेतनाको कुरा सुन्दर ढंगबाट पुस्तकमा व्यक्त गरिएको छ।

■ **उरमाल** : पछिल्लो समय पढेको पुस्तक उरमाल छुदेन कविमोले लेखेका हुन्। पुस्तक चियाबगानमा काम गर्ने मान्छेहरू, खासगरी महिलाको दुःख, पीडाको कथा हो। त्यो दुःख, पीडाहरूलाई राजनीतिले कसरी गिजोल्छ ? विभिन्न राजनीतिक स्वार्थले कसरी दयनीय बनाउँछ ? भन्ने सुन्दर तरिकाले पुस्तकमा उल्लेख गरिएको छ। सैद्धान्तिक र अवधारणागत पाटोबाट भन्ने हो भने हिजो एउटा आदिवासी उत्पादनसँग बाँचेका मानिसलाई चिया कम्पनीले पुँजीवादी उत्पादन व्यवस्थातर्फ कसरी लैजान्छ ?, झन् कमजोर बनाउँछ ?, दयनीय बनाउँछ ? र कसरी उनीहरूलाई आफ्नो भूमिबाट नै चियाको बहानामा विस्थापित गर्छ भन्ने उपन्यासमा देखाइएको छ।






■ **भुइयाँ** : यो पुस्तक यज्ञशले लेखेका हुन्। पुस्तकमा आफ्नो भूमि, बास, जीविकोपार्जनका लागि संघर्षरत विभिन्न ठाउँका १५ महिलाको संघर्ष, पीडा र दुःखको कथा उल्लेख छ। कठिन अवस्थामा पनि आममानिसले कसरी बाँच्ने उपाय निकाल्छन् ?, अधिकारका लागि कसरी संगठित हुन्छन् र लड्छन् भन्ने विषयलाई पुस्तकमा उल्लेख गरिएको छ। अधिकार प्राप्तिमा लाग्ने महिलाका कुरा, उनीहरूको आशावादिता, धोकालगायतका कथा छन्। यसको लेख्ने शैली कुनै खबर पढिरहेजस्तो नभईकन दृश्य नै आँखामा आउँछ।

जहाँ देख्न सकिन्छ लाखौं वर्ष पुराना जीवको अवशेष

प्राकृतिक विज्ञान संग्रहालयमा लाखौं वर्ष पुरानो रामापिथेकसको दाँतदेखि प्राचीन हात्तीको जीवावशेषसमेत राखिएको छ, यो अवशेष कहिलेको भन्ने यकिन नभए पनि १० देखि ३० लाख वर्षअघिको हुन सक्ने अनुमान छ



एक करोड ४० लाख वर्षअघि विकसित भएका नरबानर (रामपिथेकस)को मोलर टिथ

● शान्ति तामाङ

स्वयम्भू बुद्ध पार्क हुँदै किमडोल पुगेर माथिपट्टि हेर्दा एकतले लामो घर देखिन्छ। रातो रंगको उक्त घर निकै महत्त्वपूर्ण छ। केही सिँढी छिचोलेपछि पुगिने यो घरमा देख्न सकिन्छ विभिन्न प्रकारका वनस्पति र नेपालबाट लोप भइसकेका धेरै जीवजन्तुका अवशेष।

वर्षौं पहिले मरेका जीवजन्तु जिउँदैजस्तो लाग्ने गरी राखिएको त्यो घर हो, प्राकृतिक विज्ञान संग्रहालय। यो संग्रहालयबारे धेरै अनभिज्ञ नै छन्। जानैपर्ने ठाउँ भए पनि केही विद्यार्थी र अनुसन्धानदाताबाहेकका लागि यो ठाउँ नौलो छ। त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत संग्रहालय प्रमुख सहप्राध्यापक डा. ईशान गौतमका अनुसार संग्रहालयको महत्त्व धेरै भए पनि बुझाउन सकिएको छैन। संग्रहालय ०३२ सालमै स्थापना भएको थियो।

यहाँ हिमाल, पहाड र तराईमा पाइने जीवजन्तु, जनावर, चराचुरुंगी, किराफट्यांग्रा, माछा, उभयचर, सरिसृप आदिका नमुनाहरू संकलित र संरक्षित छन्। केही नमुनालाई प्रदर्शनमा राखिएको छ। संग्रहालयमा विभिन्न जीवजन्तुका अस्थिपन्जर, जीवावशेष, चट्टान तथा खनिज पदार्थका नमुना पनि राखिएका छन्। विभिन्न किसिमका बोटबिरुवा, ससाना लेउ, ढुसी, च्याउ, झ्याउका नमुना पनि छन्। बगैंचामा र कार्यालय भवनमा समेत विभिन्न बोटबिरुवा र रुख रोपिएका छन्। जसको आफ्नै उपयोगिता रहेको छ।

■ रामापिथेकसको दाँतदेखि दसौं लाख वर्ष पुरानो हात्तीको टाउको

संग्रहालयमा प्रायजसो लोप भइसकेका जनावरहरूको जीवावशेष छन्। त्यसमध्ये रामापिथेकसको दाँत पनि एक हो। 'हालसम्म विभिन्न बानर, नरबानर र मानवजातिका अस्थिअवशेष एवं जीवित प्राणीसँत समेत तुलना गरी करिब एक करोड ४० लाख वर्षअघि विकसित भएका नरबानर (रामपिथेकस)ले जमिनमा जीवन व्यतीत गर्न थालेको मानिन्छ। जीवहरूको विकासक्रममा वैज्ञानिकहरूले रामापिथेकसलाई मानवजातिका पुर्खा मानेका छन्,' रामापिथेकसको चिनारी नामक पुस्तकमा इतिहासकार रामेश्वर श्रेष्ठले उल्लेख गरेका छन्। लाखौं वर्ष पुरानो रामापिथेकसबारे जान्ने र अनुसन्धान गर्ने हो भने संग्रहालय पनि महत्त्वपुर्ण स्थान हुन सक्छ। उक्त दाँत जीवाश्म विशेषज्ञले संग्रहालयलाई वैधानिक रूपमा उपहार दिएका थिए।

त्यसैगरी, प्राचीन हात्तीको जीवावशेष पनि संग्रहालयमा प्रदर्शनमा छ। यो हात्तीको जीवावशेष कहिलेको हो भन्ने यकिन तथ्यांक नभए पनि १० देखि ३० लाख वर्षअघिको हुन सक्ने गौतमले बताए। जर्मन वैज्ञानिकले पूर्वी नेपालमा उत्खनन गर्ने क्रममा रातोखोला भन्ने ठाउँमा यो जीवावशेष भेटेका थिए। हात्तीको दाह्रा, टाउको र दाँतको अवशेष उपहारस्वरूप उनले दिएकी थिइन्। 'यो नेपालमा पाइने प्राचीन हात्तीको अवशेष हो। यो अवशेष जर्मन वैज्ञानिकले ९० को दशकमै संग्रहालयलाई उपहार दिएकी थिइन्। उनले फेला पारेकाजति सबै जीवावशेष दिएर गएकी थिइन्,' उनले भने। चितुवा, नीलगाई, भालुको छाला पनि संग्रहालयमा प्रदर्शनमा छन्। नेपालमा पाइने तीन प्रजातिका भालुमध्ये दुईवटा संग्रहालयमा छन्।



संग्रहालयमा संग्रहित लोपोन्मुख बाघको अवशेष

■ प्रदर्शनमा कस्तुरी मृगको बिना

मृग प्रजातिको कस्तुरी हिमाली भेगको २७ सयदेखि ४५ सय मिटर उचाइमा पाइन्छ। भाले कस्तुरी मृगको पेटको नाभीमा हुने थैलीलाई कस्तुरी बिना भनिन्छ। यो बास्नादार पदार्थबाट अत्तर, तेल, साबुनजस्ता सामग्री बनाइन्छ। नेपालसहित केही देशमा यसको व्यापार प्रतिबन्धित छ। यही बिना संग्रहालयमा प्रदर्शनमा छ। यो बिना जुम्लाबाट ल्याइएको हो। बिनासहित अपराधी समातिएपछि जिल्ला अदालत जुम्लाले नै बिना संग्रहालयमा पठाउन आदेश गरेको थियो। बिना करिब तीन वर्षअगाडि जुम्लाबाट ल्याइएको हो। 'कस्तुरीको बिना आलोमा पिसाबको जस्तो गन्ध आउँछ। विस्तारै सुक्दै गएपछि यति मिठो बास्ना आउँछ, जुन छोड्न मन लाग्दैन। अहिले पनि अलिअलि बास्ना आउँछ। त्यतिवेलाको जस्तो सार्प स्मेलचाहिँ हुँदैन। मैले पनि पहिलोपटक यहीं सुँघेको हो,' गौतमले भने।



संग्रहालयमा गैंडा, हात्ती, जेब्राका जीवावशेष देख्न सकिन्छ। धेरै चोरी

साप्ताहिक राशिफल

२८ **असार** (शनिबार)
२ **साउन** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद्। **मो** : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा व्यापार व्यवसायमा संलग्न व्यक्तिले पहिले गरेको लगानीबाट सोचेअनुसार लाभ उठाउन सकिनेछ। व्यावसायिक काममा निकै नै उन्नति हुनेछ। राजनीति तथा नोकरीमा सोचेअनुसार लाभ मिल्नेछ। जग्गा र भवनसम्बन्धी विवाद साताको अन्त्यतिर पर्न सक्ने हुँदा विशेष सावधानी अपनाउनुपर्नेछ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा घरायसी समस्याले घेर्नेछ। प्रेम सम्बन्धमा उतारचढाव आउला। चोटपटक लाग्ने सम्भावना छ। कामको दायित्व बढ्नेछ। धार्मिक कृत्यमा अभिरुचि बढ्नेछ। गरेको काममा प्रशंसा पाइएला। नयाँ कामको थालनी हुनेछ। साताको अन्त्यमा व्यापार बढ्नुका साथै आयमूलक काममा सफलता मिल्नेछ। सेयरबजारमा सोचेअनुसार सफलता मिल्नेछ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मिथुन राशिका व्यक्तिका लागि भाग्यले पूर्ण रूपमा साथ दिनेछ। तपाईंका सबै योजना सजिलै पूरा हुनेछन्। ऋण लिने सोचमा हुनुहुन्छ भने फाइदा हुनेछ। पुराना साथीभाइबाट सहयोग मिल्नेछ। असल साथी पनि बढ्नेछन्। श्रीमतीको तर्फबाट सबै प्रकारको सहयोग प्राप्त हुनेछ र योजनाहरू सफल हुनेछन्। व्यवसायमा विशेष फल प्राप्तिको समय छ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा धन र सम्मानमा वृद्धि हुने योग छ। रोकिएका काम अघि बढ्नेछन्। भाग्यले पूर्ण रूपमा साथ दिनेछ। मातृपक्षबाट माया र सहयोग प्राप्त हुने योग छ। आमाको सल्लाहअनुसार अगाडि बढेमा कार्यसिद्धि हुनेछ। बिहीबार र शुक्रबार नयाँ कार्यमा थोरै लाभ आउनेछ। उन्नति प्रगति कम हुने दिन छ। धार्मिक कार्यमा रुचि मध्यम देखिन्छ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

स्थान परिवर्तनसँग सम्बन्धित कुनै पनि काम सफल हुनेछन्। काममा केही जटिलता देखिए पनि तपाईंको हिम्मत बढ्नेछ। परिवारमा मांगलिक कार्य हुनाले मन प्रसन्न रहनेछ। कार्यालयमा तपाईंका लागि अनुकूल वातावरण बन्नेछ। सहकर्मीले पनि सहयोग गर्नेछन्। कार्य सफलताको साता रहनेछ। पारिवारिक सदस्यबिच शुभ सम्बन्ध रहनेछ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आर्थिक हिसाबले साता बलियो नै रहेनछ। वैदेशिक यात्राका लागि गर्न खोजिएका कार्य सजिलै सम्पन्न हुनेछन्। व्यापार व्यवसायमा आर्थिक लाभको योग रहेकाले लगानी गर्दा शुभ रहनेछ। लामो यात्राको योग रहेकाले यात्रामा निस्किँदा विशेष लाभ मिल्ने साता रहेको छ। राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ। नयाँ कार्यमा सामान्य दोष रहने संकेत देखिएको छ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

धनलाभ हुनुका साथै गर्न खोजेका कार्य सजिलै सम्पन्न हुनेछन्। कुनै पनि निर्णय लिँदा भाग्यको पूर्ण साथ रहनेछ। मंगलबार र बुधबार सहयोगी भावना रहने हुँदा उपचारमा अनावश्यक धन खर्च हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। साताको अन्त्यमा घरमा छिमेकीको सहयोगमा मांगलिक कार्यमा मन रमाउनेछ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो या, यि, यु)

मन विचलित हुनुका साथै आफैं अन्योलमा परिने ग्रहयोग छ। व्यापार वृद्धिका लागि गरिएका प्रयासहरू असफल हुनेछन्। बिहीबार र शुक्रबार अरूको कारणले केही समस्याको सामना गर्नुपर्नेछ। साताको अन्त्यमा शत्रु पक्षलाई जित्न सफल हुनुका साथै कानुनी विवादमा सफलता मिल्नेछ। यदि कुनै मुद्दा विचाराधीन छ भने जित्नुहुनेछ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

रोकिएका आयोजनाबाट लाभ मिल्नेछ। तपाईंभित्र परोपकार र सहयोगी भावना विकास हुनेछ। धार्मिक कार्य रुचिका साथ सम्पन्न हुनेछन्। साताको अन्त्यमा भाग्यको पनि पूर्ण सहयोग मिल्नेछ। वैदेशिक यात्रामा भने केही बाधा उत्पन्न हुन सक्ने हुँदा सत्यनारायणको दर्शन तथा पूजा गरेमा लाभ मिल्नेछ। व्यवसायमा उचित लाभ प्राप्त हुनेछ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा लाभांश बढे पनि प्राप्त रकम तत्काल खर्च गर्नुपर्ने स्थिति आउनेछ। केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। फजुल खर्चका बिच कामको बोझ पनि बढ्न सक्छ। बुधबारदेखि कीर्तिमानी काम सुरु हुन सक्छ। प्रतिष्ठित काम गर्ने मौका प्राप्त हुनेछ। नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन्। साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर महत्त्वपूर्ण अवसर हात पार्ने साता रहेको छ। आयआर्जन हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ। बुधबारदेखि खर्चको मात्रा बढ्नेछ। बिचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ। सप्ताहन्तमा आस मारेको काम बन्नेछ।

मीन


(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

विशेष जिम्मेवारी अथवा नोकरी प्राप्तिको योग छ। विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ। परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ। खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ। लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ। मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले साप्ताहिक रूपमा दिनहरू सफल रहनेछन्।

योग

● विजय सापकोटा, योग प्रशिक्षक








१० देखि ३० लाख वर्षअघिको हुन सक्ने अनुमान गरिएको प्राचीन हात्तीको दाँत



संग्रहालय भ्रमणमा आएका विद्यार्थी । तस्बिरहरू : दिपेन्द्र ढुंगाना



सिकारी हुने लोपोन्मुख कालो सालक पनि छन् । यसको छाला र मासु दुवै बहुउपयोगी भएकाले चोरी सिकारीमा पर्ने गर्छन् । लोपोन्मुख रेड पान्डाको छाला पनि प्रदर्शनमा छन् । यी सबै वैधानिक बाटोबाट संकलन भएका अवशेष हुन् । गैंडाको भ्रूणलाई फर्मालिनमा राखिएको छ । सन् १९७२ मा रेकर्ड गरिएको पुड्के बँदेल प्रजाति पनि यहाँ छ । त्यसपछि यो बँदेल प्रजातिको अनुसन्धान राम्रोसँग भएको छैन । रेकर्ड भएको पनि छैन । नेपालमा लोप भइसकेको भनेर उल्लेख गरिएको छ । १९७२ मा दुईवटा रेकर्ड भएपछि सदर चिडियाखानामा लगिएको थियो । चिडियाखानामा १९९५ मा यो बँदेल मरेपछि संग्रहालयमा पठाइएको थियो । यसैगरी, यहाँ १६ वर्षअघि ल्याइएको हात्तीको हड्डी छन् । यो पनि सदर चिडियाखानाबाट ल्याइएको हो । नेपालबाट लोप भएको विश्वास गरिने राम गाईको जीवावशेष पनि प्रदर्शनमा छन् । यीबाहेक सालक, अजिंगरको छालाजस्ता धेरै जीवावशेष जुन लोप भइसके, ती संग्रहालयमा प्रदर्शित छन् ।

■ १६ सय ६४ प्रकारका च्याउ संग्रहित

संग्रहालयले हालसम्म १६ सय ६४ प्रकारका च्याउ संकलन गरेको छ । जसमध्ये च्याउका पाँच सयभन्दा धेरै प्रकार प्रदर्शनमा राखिएका छन् । खाना हुने-नहुने, गन्ध आउने- नआउने सबै प्रकारका च्याउ प्रदर्शनमा राखिएका छन् । विभिन्न किसिमका बिरुवा पनि प्रदर्शनमा राखिएका छन् । आठ सयभन्दा धेरै प्रकारका चराचुरुंगीको अवशेष पनि प्रदर्शनमा छन् । 'हाम्रो उद्देश्य नै संकलन गर्नु हो । विभिन्न बोटबिरुवा संकलन गर्छौं । संकलन गर्दा मरेका जीवजन्तुचाहिँ संकलन गर्दैनौं । त्यस्ता अवशेष विभिन्न माध्यमबाट वैधानिक रूपमा आउँछ । चिडियाखाना, डिभिजन वन कार्यालयजस्ता निकायले विभिन्न जनावरको अवशेष पठाउँछन्,' उनले भने, 'मरेकालाई पनि राख्नुको कारण भविष्यका सन्ततिका लागि हो । उनीहरूले हिजो हामीसँग के के थिए । के थिएन भन्ने यहाँबाट जानकारी पाउन सकून् भनेर संकलन गरिएको जीवावशेषलाई जिउँदोजस्तै बनाएर राख्छौं ।'

■ एउटै कोठामा ५५ हजार नमुना

संग्रहालयमा हजारौं वनस्पति र जीवावशेष छन् । यहाँ करिब ५५ हजार वनस्पति र जीवावशेष रहेको गौतमले बताए । वनस्पति र जीवावशेषअनुसार ठाउँ अभाव चुनौती बनेको छ । 'पर्याप्त ठाउँ हुने हो भने यहाँ भएका धेरै वनस्पति र जीवावशेष देखाउन सकिन्थ्यो । संग्रहालयसँग हजारौं वनस्पति र जीवावशेष छन् । तर चाहिएको छ, ठाउँ,' उनले भने, 'ठाउँ भएमा त्यहाँ के-के राख्ने ? कसरी राख्ने ? कसरी राख्दा ती नमुना आकर्षक देखिन्छ भन्ने कल्पनाशीलता प्रयोग गर्न पाइयोस् । तर, ठाउँ नभएर समस्या भएको छ । हामीलाई त कीर्तिपुरमा स्पेस चाहिएको छ । ताकि हामीसँग भएका सबै देखाउन पाइयोस् ।'

उनका अनुसार एउटा विद्यालयका विद्यार्थी भ्रमणका लागि आउँदा पनि ठाउँ अभावका कारण एकैपटक देखाउन सकिन्न । राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्त्वको प्राकृतिक विज्ञान अनुसन्धानलाई प्रेरित गर्नु, नागरिकलाई देशको प्राकृतिक इतिहाससँग जोड्नु, नेपालको वनस्पति र जीवजन्तुको विकास र विविधताको बुझाइलाई प्रवर्द्धन गर्नेसमेत संग्रहालयले लक्ष्य लिएको छ । 'संग्रहालयको डिजिटाइज्ड गर्ने चरणमा छौं । घरमै बसेर यहाँ भएका कुरा हेर्न पाउने अवस्था बनाउन काम गरिरहेका छौं,' उनले भने, 'यो संग्रहालयबारे कतिपयलाई जानकारी छैन । यसका लागि प्रचार-प्रसार गर्नैपर्छ । यसका लागि प्रयास पनि गरिरहेका छौं । स्थानीय तहसँग मिलेर विद्यार्थीलाई ल्याइरहेका छौं । तीबाहेक विभिन्न कार्यक्रम गर्ने योजना बनाइहेका छौं । प्रोफेसर केशव श्रेष्ठको पालामा भएका जस्तै विभिन्न कार्यक्रम जुन ठप्प भएको छ, त्यसलाई निरन्तरता दिने योजना बनाइरहेका

धर्मको उद्धार कसरी गर्ने ?

राजतन्त्रदेखि बहुदलीय संसदीय प्रजातन्त्र हुँदै अहिलेको गणतान्त्रिक व्यवस्थामा सत्तामा पुग्नेहरू धर्माचरणमा नबसिदिँदा अधिकांश कर्मचारी र सर्वसाधारणसमेतले धर्म पालना गर्न छाडिरहेका छन् । धर्मले कर्ता सुधार्छ होस, बोध र ज्ञान दिएर । वेदको अर्थ नै ज्ञान हो । सुध्रेको कर्ताले सतकर्म गर्छ । सतकर्म भनेको जीवनको सत्य जानेर गरिने व्यवहार हो ।

जीवनको कुरा सुरु गर्दा जीवन बितिरहेको बोध र ज्ञानको उपयोग गरेर मौकाको अधिकतम सदुपयोग गर्न सुझाएका छन् ऋषिहरूले । बोध नै जीवन हो, होसले बोधलाई सघाउँछ । होसको सम्बन्ध उठ्ने, बस्ने, खाने, पिउने, हाँस्ने बोल्ने, अनुभव गर्नेसँग छ ।

जीवन बहुआयामिक छ । छोराछोरी, पतिपत्नी, आमाबाबु, कर्मचारीदेखि प्रधानमन्त्री, छिमेकी साथीभाइ, नातागोता सबै एकै मानिसका अनेक जीवन हुन् । हरेक जीवनले महाभारतको सामना गर्नुपर्छ । महाभारत भनेको वृत्ति हुन् । वृत्तिले विचार पठाउने र क्षण-क्षणमा विचार बदल्ने काम गर्छ । वृत्तिको स्वभाव आलसको हुने हुँदा विचार कार्यान्वयनमा लान दिँदैन । बोधले सीधै वृत्तिमा आक्रमण गरेर विचार कार्यान्वयनमा लान्छ । बोधले म र मेरो भन्ने अहं र दुनियाँबिचको सम्बन्ध र गतिविधि नियाल्दै अनुभव र अनुभोक्ता एकसाथ हेर्ने हुँदा विचारको सीमा जान्दछ । विचारको उच्छृंखलता रोक्दछ । बोधको नियन्त्रणमा पर्छ अहं । अपूर्णताको बेचैनी मेटाउन शरीर, मस्तिष्क र संसारको सहारा लिँदै विचारको उच्छृंखलता मच्चाएर अस्तित्वमान रहेको अहं बोधको नियन्त्रणमा परेपछि गति रोकिन्छ । अहंको गति मन हो । मन स्थिर भएपछि मनको बहकाउमा आएको अहंलाई झट्का लाग्छ, झट्काले होस खुल्छ, होसले आफू स्वयं आत्मामा अवस्थित भएको बोध गर्छ । अहंलाई आफू स्वयं आत्मा भएको ज्ञान हुनु नै आत्मज्ञान हो ।

ज्ञानको विरासत नभएको अवस्थामा लामो तप, ध्यानको साधना गरेर ऋषिहरूले रचना गरेको वेदको सुरुमा इन्द्रादि देवता, सर्यौं मन्त्र र प्रकृति पूजाको कर्मकाण्ड वर्णन गरिएको छ, उतिबेलाको कृषिमा आधारित जनजीवनको आवश्यकता सम्बोधन गर्न । पछि वेदमा आधारित अनुसन्धान गर्दै वेदको महत्त्वपूर्ण कुरा समेटेर उपनिषद्, वेदान्त र गीता रचना गरिए । उतिबेलाको जनमानसको बौद्धिक स्तर र उपलब्ध साधनस्रोतको विचार गरी सबैलाई सरल रूपमा धर्म बुझाउन सकियोस् भनेर कथा शैलीमा विभिन्न पुराण रचना भए । वेदान्तलाई धर्म र अन्य सबै शास्त्रको ताला खोल्ने साँचो अर्थात् मूल संविधान भनियो । वेदान्तको सरोकार सत्यसँग मात्र राखियो । आस्तिक र नास्तिक छुट्याउने आधार ईश्वरलाई नबनाएर सत्यलाई बनाइयो । मनमा संसार जगत् जे-जस्तो प्रतीत हुन्छ, त्योभन्दा पर सत्य छ भन्नेमा विश्वास गर्ने आस्तिक र मनमा जे चलेको छ, त्यसैलाई सत्य मान्ने नास्तिक हो भनिदिए ऋषिहरूले ।


सिद्धार्थ गौतमको पालासम्म आइपुग्दा धर्मका नाममा निःसार कर्मकाण्ड र पशुबलि प्रथा चलाएर वेदान्त र उपनिषद् तिरस्कार गरिएको थियो । जन्म, मृत्यु, व्याधि र वृद्धको दुःख देखेर दुःख निवारणको उपाय खोजीमा युवराज सिद्धार्थ गौतमले दरबार छाडे । वेदान्तको गहिरो अध्ययन र तपध्यानबाट बुद्धत्व प्राप्त गरी उनले चार आर्य सत्य दुःख छ, दुःखको कारण छ, कारणको निवारण र निवारणको आष्टांगिक मार्ग सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाक्, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि जनसमक्ष ल्याए ।

जुन ध्यानको अभ्यासले बुद्धत्व प्राप्त गरे सिद्धार्थ गौतमले अरूलाई पनि त्यही अभ्यास गराएर धर्म फलको स्वाद चखाए । फलको स्वाद चखाउने धर्मका तीन सिँढी शील, समाधि र प्रज्ञा हुन् । प्राणी हत्या नगर्नू, चोरी नगर्नू, झुटो नबोल्नू, व्यभिचार नगर्नू र नशा नगर्नू जस्ता पाँच शीलले सदाचारमा राख्छ । ६ इन्द्रिय आँखा, कान, नाक, जिब्रो, छाला र मन आ-आफ्नो विषय रूप, शब्द, गन्ध, रस, स्पर्श र विचारसँग ठोक्किँदा चित्त र शरीरमा हुने जीव- रासायनिक प्रतिक्रिया र प्रपञ्च समाधिले निरीक्षण गर्छ । निरीक्षण गर्दा शरीरमा सुखद र दुःखद संवेदना आफैं उत्पत्ति र विलय हुने, ती संवेदनाप्रति समता र साक्षी भावले हेर्दा राग, द्वेष, मोह जाग्न नपाउने सच्चाइ प्रत्यक्ष स्वअनुभूतिमा आई भावनामय प्रज्ञा जगाउँछ । जागेको प्रज्ञाले चित्त राग, द्वेष र मोहरहित बनाई शुद्ध र निर्मल राखेर तत्क्षण आनन्द दिलाएसँगै अरू सारा प्राणी र वनस्पतिप्रति दया र करुणा उत्पन्न गराउँछ । आफूमा अरू र अरूमा आफू देख्न सक्ने हुन्छ मानिस । विषय-वासनाप्रति अनासक्त भई तृष्णा जाग्नै रोकिन्छ । राग, द्वेष, आलस्य, बेचैनी र सन्देहजस्ता मुख्य शत्रुको नाश गर्छ । श्रद्धा, पराक्रम, जागरुकता, समाधि र प्रज्ञासँग मित्रता गाँस्छ । अनात्म अर्थात् अहंकारी अहंभाव निकाल्दै, दार्शनिक मान्यताको विवादबाट जोगाउँदै, हीन र अहं भावनाको बिचबाट मध्यमार्ग तय गर्दै आनन्द र शान्तिको जीवनरूपी गन्तव्यमा पुऱ्याउँछ बुद्धको विपस्यना ध्यान विधिले ।

ईशावाश्य उपनिषद्को ११औं श्लोकमा भनिएको छ-

विध्याचांविध्याचं यास्तद्वेदोभयं सह ।
अविध्या मृत्युं तीर्त्वा विधयामृतमश्नुते ।

अर्थात्, जो व्यक्ति विद्या (आत्मज्ञान) र अविद्या (सांसारिक ज्ञान) दुवै एकसाथ जान्दछ, उसले अविद्याको माध्यमबाट मृत्यु (अज्ञानता वा संसारको भय) पार गर्न सक्छ र विद्याद्वारा अमरत्व (मुक्ति) प्राप्त गर्छ ।



धर्म



● रामचन्द्र शर्मा

मन स्थिर भएपछि मनको बहकाउमा आएको अहंलाई झट्का लाग्छ, झट्काले होस खुल्छ, होसले आफू स्वयं आत्मामा अवस्थित भएको बोध गर्छ । अहंलाई आफू स्वयं आत्मा भएको ज्ञान हुनु नै आत्मज्ञान हो ।

निष्काम कर्म र स्वधर्ममा जोड दिएको भागवत गीताको १५औं अध्यायको १०औं श्लोकले उत्क्रामन्तं स्थितं वापि भुंजानं वा गुणान्वितम् । विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः। अर्थात् ज्ञानीहरूले ज्ञानचक्षुद्वारा हृदयमा बसेको आत्मतत्व देखेर प्रकाशित (रागद्वेष मोहरहित) हुन्छन् । अज्ञानी विमूढले ज्ञानचक्षु नखुलाई बाहिरी आँखाले देखेका अनगिन्ती विषयप्रति आसक्त भएर राग, द्वेष, मोहमा जेलिन्छ भनेको छ ।

अष्टावक्र गीताको पन्ध्रौं प्रकरण पाचौं श्लोकमा' रागद्वेषौ मनोधर्मा न मनस्ते कदाचन । निर्विकल्पोसि बोधात्मा निर्विकारः सुखं चर ॥५॥ अर्थात् रागद्वेष मनका धर्म हुन्, तिम्रा होइनन् । मन कहिल्यै पनि तिम्रो होइन । तिमी निर्विकल्प निर्विकारबोध स्वरूप आत्मा हौ । यसकारण सुखपूर्वक घुमफिर गर भनेर राजा जनकलाई अष्टावक्र ऋषिले बताएका छन् ।

अहिलेका अधिकांश धर्मगुरुहरूले विज्ञान प्रविधिले युक्त, हरकुराको आधार प्रमाण खोज्ने तीक्ष्ण सांसारिक ज्ञान भएको आधुनिक पुस्तालाई सिद्धार्थ गौतमको पालाका धर्मगुरुहरूले झैं पुराणका कथाको वाचन गर्दै निःसार कर्मकाण्ड गराई वेदान्त र उपनिषद् तिरस्कार गरिदिएकाले अधर्मी सांसारिक मायाको जालो नासिएन, झनै फैलियो ।

वेदान्त, उपनिषद्, गीता र बुद्ध शिक्षाको ज्ञान बाँड्न भारतमा आचार्य प्रशान्तले फाउन्डेसन नै खोलेर वर्षौंदेखि प्रशिक्षण दिँदै आएका र भारतीय टेलिभिजनमा धर्म लोपको एजेन्डाले कभरेज पाएको छ । धर्मले सिंगो मानवजातिलाई जोड्छ । सांसारिक मायाले अरू सबैको शोषण गरी आफ्नो अहंलाई पोषण दिन फुटाउँछ । आफू तनाव जिउँछ अहं, अरूलाई पनि तनावै दिन्छ । अतः हामी सबै मिलेर ऋषि पतञ्जली र बुद्धले चित्त वृत्ति निरोध गर्न दिएको ज्ञान र विधि यम, नियम तथा शील पालन गर्दै धानस्थ भएर आत्मज्ञानको प्रज्ञा जगाई मनका विकार हटाएर परमानन्दमा स्थित होऔं । स्थितप्रज्ञमा रहौं ।

बिहानको समय यस्ता योगासन

बिहान राम्रो भए सिंगो दिन राम्रो हुन्छ । यसकारण बिहानीलाई रमाइलो बनाउन योगले राम्रो भूमिका खेल्छ । योग गर्दा मन शान्त रहन्छ, शरीर उत्साह र उमंगले भरिन्छ । बिहानको समयमा योग गर्दा फ्रेस महसुस हुने मात्रै होइन, शरीरको ऊर्जा पनि बढ्छ । तर, कुनै पनि योगासन विज्ञसँग परामर्श गरेर मात्रै सुरु गर्नु राम्रो हुन्छ । बिहानीमा गर्न सकिने केही योगासनबारे यहाँ चर्चा गरिन्छ ।



■ **सूर्य नमस्कार** : शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि सूर्य नमस्कारको अभ्यास निकै राम्रो मानिन्छ । यसभित्र विभिन्न योगासन छन् । बिहानी सूर्यको किरणको स्पर्शमा सूर्य नमस्कार गर्नाले शरीरमा ऊर्जा र भिटामिन डी मिल्छ । जसले मानसिक तनावसमेत कम गर्छ । तौल सन्तुलित हुन्छ ।

■ **भुजंगासन** : भुजंगासनले शरीर र ढाडलाई बलियो बनाउँछ । पेटको बोसो घटाउन पनि यो निकै प्रभावकारी छ ।

■ **ताडासन** : यो आसनले घुँडालाई मजबुत बनाउँछ । शारीरिक र मानिसक सन्तुलन विकास गर्छ । करङलाई स्वस्थ र बलियो बनाउँछ ।

■ **त्रिकोणासन** : यसले एसिडिटीबाट छुटकारा दिलाउँछ । पाचन प्रक्रियालाई दुरुस्त राख्छ । चिन्ता, तनाव, कम्मर तथा पिठ्युँमा हुने दुखाइ कम गर्छ । गर्धन, पिठ्युँ, कम्मर र खुट्टाका नसा मजबुत बनाउँछ ।

■ **बालासन** : केही कठिन आसनको अभ्यासपछि बालासन गरेर शरीरलाई आराम प्रदान गर्न सकिन्छ । डिप्रेसन, माइग्रेनलगायत समस्या कम गर्न यसले निकै ठुलो भूमिका खेल्छ । रक्तसञ्चार ठिक गर्छ । पिठ्युँ र कम्मरको दुखाइ कम गर्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अमेरिकी पूर्वराष्ट्रपतिहरूको रिटायर्ड लाइफ

वार्षिक दुई लाख ४६ हजार डलर पेन्सन र अन्य सुविधाका बाबजुद पूर्वराष्ट्रपतिहरूले पुस्तक लेखन, भाषण, उद्योग सञ्चालनलगायतमा आफूलाई व्यस्त राखे

विदेश



● सुभाष शर्मा

कल्पना गर्नुहोस् त, तपाईंले एक-दुई कार्यकाल देशको सर्वोच्च पदमा रहेर सेवा गर्नुभयो अनि देश र समग्र विश्वमै सर्वाधिक चर्चित व्यक्तिमा पर्नुभयो । तर अब, सेवा अवधि सकिएकाले पद छाड्ने वेला आएको छ । कहाँ जानुहुन्छ ? सन्दर्भ अमेरिकाका रिटायर्ड (पूर्व) राष्ट्रपतिबारे हो । अमेरिकामा धेरैजसो राष्ट्रपतिले चारदेखि आठ वर्ष सेवा गर्छन् । ह्वाइट हाउसमा केही वर्ष बिताएपछि सामान्य जीवनमा फर्कनु सधैँ सजिलो काम होइन । तैपनि, अमेरिकी पूर्वराष्ट्रपतिहरूले आफूलाई विभिन्न क्षेत्रमा संलग्न गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशसेवा गरेका हुन्छन् । भलै यसमा उनीहरूको जीविकोपार्जन पनि जोडिएको हुन्छ । अधिकांश रिटायर्ड राष्ट्रपति लेखनमा लागेका छन् भने केहीले पहिल्यैदेखि गर्दै आएको पेसा व्यावसायलाई निरन्तरता दिएका छन् त कोही समाजसेवामा सक्रिय छन् । बिल क्लिन्टन र बाराक ओबामाजस्ता धेरै राष्ट्रपति कार्यकालपछि आफ्ना अनुभव र दृष्टिकोण सेयर गर्दै सफल लेखक र सार्वजनिक वक्ता बनेका छन् ।

केही पूर्वराष्ट्रपतिले कूटनीतिक क्षेत्रमा सक्रिय भएर विश्वव्यापी मञ्चमा देशको प्रतिनिधित्व गरेका छन् । केहीले गरिबी, शिक्षा वा स्वास्थ्य सेवाजस्ता विशेष क्षेत्रमा ध्यान केन्द्रित गर्न फाउन्डेसन वा परोपकारी संस्था स्थापना गरेका छन् । धेरैले पद छाडेपछि कानुन, शिक्षा वा सार्वजनिक सेवामा करिअर बनाएका छन् भने केहीले कम परम्परागत मार्ग अपनाएका छन् । पछिल्लोपटक पदावधि पूरा गरेका जोन बाइडेन भने गम्भीर रोगविरुद्ध लडिरहेका छन् । घातक क्यान्सरको उपचार गराइरहेकाले उनको रिटायर्ड लाइफको पूर्वयोजना अलपत्र परेको छ । यहाँ अमेरिकाका पूर्वराष्ट्रपतिले सेवा अवधि सकेपछि कसरी जीवन बिताएका छन् भन्नेबारे चर्चा गरिएको छ ।

■ पुस्तक लेखन र भाषणबाटै मनग्य कमाउँछन् पूर्वराष्ट्रपतिहरू

अमेरिकामा बहालवाला राष्ट्रपतिको तलब प्रतिवर्ष चार लाख डलर छ । यो एक सम्मानजनक रकम हो । यसबाहेक उनीहरूले एक लाख डलर यात्रा खर्च, ५० हजार फुटकर खर्च र १९ हजार डलर मनोरञ्जन खर्च पाउँछन् । वास्तवमा धेरैजसो पूर्वराष्ट्रपतिले पद छाडेपछि भन् धेरै आम्दानी गरेका छन् । पुस्तक लेखन र भाषणमार्फत यस्तो सम्भव हुने गरेको हो । पूर्वराष्ट्रपतिहरूले प्रायः आफ्नो कार्यकालसँग सम्बन्धित संस्मरण वा अन्य विषयका लागि प्रकाशन गृहसँग पुस्तक लेखन सम्झौतामा हस्ताक्षर गर्छन् । यी सम्झौता लाखौँ डलरका हुन्छन्, जसले उनीहरूको दृष्टिकोण र अनुभवमा जनताको चासो झल्काउँछ । उदाहरणका लागि, बाराक र मिसेल ओबामाले साढे ६ करोड डलरको पुस्तक सम्झौतामा हस्ताक्षर गरेका थिए । सन् २०२० मा प्रकाशित उनको पुस्तक अ प्रोमिस्ड ल्यान्ड उनको राष्ट्रपतित्वलाई समेट्ने संस्मरण हो । संस्मरणले ओबामाको जीवनको सुरुवाती वर्षदेखि मे, २०११ मा ओसामा बिन लादेनको हत्याको वरिपरिका घटनासम्मको अभिलेख राखेको छ । ४२औँ राष्ट्रपति बिल क्लिन्टनले पनि ओबामाको पथ पछ्याए । उनी एक करोड ४० लाख डलरबराबरको पुस्तक लेखन सम्झौतामा राजी भए । सम्झौता ओबामाको भन्दा कम भए पनि उनको कमाइले उनी पदमा रहँदा प्राप्त तलबलाई छायामा पाऱ्यो । वास्तवमा देश चलाउनुभन्दा पुस्तक लेख्नु धेरै कम तनावपूर्ण छ । क्लिन्टनले २००४ मा व्यक्तिगत आत्मकथा माई लाइफ प्रकाशित गरे ।

थटडटकमका अनुसार बिल क्लिन्टनले प्रतिभाषणबाट साढे दुई लाखदेखि साढे चार लाख डलरसम्म कमाउँछन् । सन् २०११ मा एउटा भाषणबापत उनले साढे सात लाख डलर पाएका थिए, जुन आधुनिक पूर्वराष्ट्रपतिमध्ये सबैभन्दा धेरै कमाइ थियो । बाराक ओबामा प्रतिभाषण चार लाख डलर कमाउँछन् । उनी इतिहासकार वा पेसेवर मिडिया कम्पनीको समूहले आयोजना गर्ने बहसमा वक्ताका रूपमा पनि आम्दानी गर्छन् ।

जर्ज डब्लु बुस पद छाडेदेखि सयौँ कार्यक्रममा देखा परिसकेका छन् । उनले प्रतिभाषण एक लाखदेखि एक लाख ७५ हजार डलर कमाउँछन् । यसलाई मनन गर्ने हो भने उनले राष्ट्रपतिको रूपमा आफ्नो सम्पूर्ण दुई कार्यकालमा प्राप्त गरेकोभन्दा आठवटा भाषणबाट बढी रकम कमाउन सक्छन् ।

> पूर्वराष्ट्रपतिसम्बन्धी एउटा कानुनले नै उनीहरूको सुविधा सुनिश्चित गरेको छ । त्यसो त पर्याप्त सुविधाबिच पूर्वराष्ट्रपतिहरूले आम्दानीको नयाँ स्रोतबारे खासै चिन्ता लिनुपर्दैन । तथापि, आफ्नो अनुभवलाई अन्य क्षेत्रमा निरन्तरता दिन र खाली समय सिर्जनात्मक काम गर्न कानुन तगारो छैन ।



■ जो पत्रपत्रिकामा लेख्नेदेखि पुरानै काममा फर्किए

पूर्वराष्ट्रपति ऐन पारित हुनुको एउटा मुख्य कारण यो थियो कि विगतमा पद छोडेपछि धेरै पूर्वराष्ट्रपतिसँग आर्थिक रूपमा सबल हुने कुनै माध्यम थिएन । धेरै पहिलेका राष्ट्रपति सामान्य नागरिकसरह सर्वोच्च पदमा पुगे र प्रायः ह्वाइट हाउस छोड्दा नाम मात्र कमाए । नाम कमाए पनि उनीहरूको गोजीमा खासै दाम हुँदैनथ्यो । त्यसैले, नयाँ काम खोज्नुपर्ने उनीहरूको बाध्यता थियो ।

न्युयोर्कस्थित भोकल डट मिडियामा प्रकाशित एक रिपोर्टअनुसार पद छाडेपछि जर्ज वासिंटनले एउटा ह्विस्की डिस्टिलरी खोले । यसबाट उनले मनग्य नाफा कमाए । तीसौँ राष्ट्रपति क्याल्भिन कुलिजले सेवा अवधि सकिएपछि पत्रपत्रिकामा लेख लेख्न थाले । आफ्नो कार्यकालमा निःस्वार्थ सेवा गरे, तर पदावधि सकिएपछि जीविकोपार्जनका लागि क्षमताअनुसारको पेसा अपनाए । पुस्तक लेखेर परिवार धान्ने प्रयास गर्दै गर्दा अर्का पूर्वराष्ट्रपति ह्यारी ट्रुमनले भने आफ्नी सासूको घरमा आश्रय लिनुपरेको थियो । पूर्वराष्ट्रपति सेवा अवधि सकेपछि रित्तो हात फर्किए भन्ने दृष्टान्त रिटायर्ड लाइफमा उनले गरेका संघर्षका कथाले दर्शाउँछ । उनी निष्ठाका पर्याय नै थिए ।

सम्भवतः निकै प्रसिद्ध र एक कार्यकाल राष्ट्रपति बनेका जिमी कार्टर सेवा अवधि सकेपछि पूर्ववत् बदाम फार्ममा फर्किए । निर्वाचित हुनुभन्दा पहिले चलाइरहेको कार्टरको फार्म उनको अनुपस्थितिमा ऋणमा चुर्लुम्म डुबेको थियो । राष्ट्रपतिको रूपमा कार्यकाल समाप्त भएपछि कार्टरले उक्त व्यवसाय पुनर्गठन गरी ऋण तिर्न सुरु गरे । यसपछि उनले मानवीय कार्य गर्न थाले । यही कामका लागि नोबेल शान्ति पुरस्कारसमेत प्राप्त गरे ।

माथिका दृष्टान्तले देखाउँछ कि ह्वाइट हाउस छोड्नु भनेको कहिलेकाहीँ राम्रोसँग योग्य अवकाश प्राप्त गर्नुको सट्टा अस्थायी जागिरबाट बर्खास्त हुनुजस्तै हो ।

■ पूर्वराष्ट्रपति जसले मृत्युपर्यन्त सेवा गरे

सबै पूर्वराष्ट्रपति कुनै न कुनै रूपमा जनताको नजरमा रहन्छन् । यद्यपि, सामान्यतया तिनीहरू निर्वाचित अधिकारीको रूपमा पूर्ण-समय काममा फर्कँदैनन् । तर, केही पूर्वराष्ट्रपतिका लागि सार्वजनिक सेवाप्रतिको हुटहुटीले नयाँ भूमिका खोज्न प्रेरित गऱ्यो । सेवानिवृत्तिको जीवनबाट दिक्क भएका छैटौँ राष्ट्रपति जोन क्विन्सी एडम्स राष्ट्रपतिको रूपमा कार्यकाल समाप्त भएको दुई वर्षभन्दा कम समयपछि संसद्मा फर्किए । एडम्स कर्मप्रति यति समर्पित थिए कि अन्तिम सास रहुन्जेल सेवामै रहे । सेरेब्रल हेमोरेजबाट पीडित उनको सदनमै मृत्यु भयो ।

महाभियोग लगाइएका पहिलो राष्ट्रपति एन्ड्रयु जोनसन आफ्नो छविलाई सुधार्न सार्वजनिक सेवामा फर्किए । कार्यकाल सकिएपछि सिनेटमा निर्वाचित हुने एक मात्र राष्ट्रपति बनेका जोनसनको राजनीतिमा पुनरागमन उनको प्रतिष्ठा पुनर्स्थापित गर्ने र राष्ट्रपतित्वको समयमा बदनाम गर्ने मानिससँग बदला लिने इच्छाबाट प्रेरित थियो । दुर्भाग्यवश सिनेटमा निर्वाचित भएको केही महिनापछि नै जोनसनको मृत्यु भयो ।

रिडर्स डाइजेस्टमा प्रकाशित एक विवरणअनुसार २७औँ राष्ट्रपति विलियम हावर्ड टाफ्टको राष्ट्रपति पदपछिको सार्वजनिक सेवा एकदमै फरक थियो । राजनीतिलाई निरन्तरता दिएका एडम्स र जोनसनको विपरीत टाफ्ट न्यायापालिकाको महत्त्वपूर्ण हिस्सा बने । राष्ट्रपति हुनुअघि उनी वकिल हुँदै न्यायाधीशमा नियुक्त भए । उनले राष्ट्रपतिको कार्यकालपछिका वर्ष यलमा कानुन पढाउँदै बिताए । तसर्थ, कार्यकाल सकिएपछि उनी पुनः न्याय क्षेत्रमै जोडिए । अन्ततः उनी १९२१ मा प्रधानन्यायाधीश नियुक्त भए । धेरैले उल्लेख गरेका छन् कि टाफ्ट राष्ट्रपतिभन्दा बढी प्रधानन्यायाधीश बन्न चाहन्थे र उनी दुवै पद सम्हालेका एक मात्र व्यक्ति हुन् ।

माथिका उदाहरणले यो देखाउँछ कि राष्ट्रपति पद सधैँ धेरै मानिसको राजनीतिक करिअरको सबैथोक र अन्त्य पनि होइन् । यद्यपि, मननीय विषय यो हो कि हालैका पूर्वराष्ट्रपतिमध्ये कुनैले यस्तो योजना बनाउँदा उनीहरूले आफ्नो अवकाशमा प्राप्त गरेका धेरै लाभ त्याग्नुपर्छ ।

■ यस्तो छ पूर्वराष्ट्रपतिको सेवा-सुविधा

पदावधि समाप्त भएपछि पूर्वराष्ट्रपतिले नयाँ क्षेत्रमा कामको सुरुवातसँगै अवकाशको आनन्द पनि लिने गरेका छन् । सन् १९५८ देखि अमेरिकाले आफ्ना पूर्वनेताहरूका लागि विशेष सुविधा उपलब्ध गराउँदै आएको छ । पूर्वराष्ट्रपतिसम्बन्धी एउटा कानुनले नै उनीहरूको सुविधा सुनिश्चित गरेको छ । त्यसो त पर्याप्त सुविधाबिच पूर्वराष्ट्रपतिहरूले आम्दानीको नयाँ स्रोतबारे खासै चिन्ता लिनुपर्दैन । तथापि, आफ्नो अनुभवलाई अन्य क्षेत्रमा निरन्तरता दिन र खाली समय सिर्जनात्मक काम गर्न कानुन तगारो बनेको छैन । कानुनतः पूर्वराष्ट्रपतिहरू दुई लाख ४६ हजार डलर वार्षिक पेन्सनको हकदार हुन्छन् । यसबाहेक उनीहरूलाई यात्रा, चिकित्सा हेरचाह र कर्मचारीको प्रबन्ध हुन्छ ।

पूर्वराष्ट्रपतिहरू प्रायः जनताको नजरमा परिचित हुने भएकाले उनीहरूलाई आजीवन गोप्य सुरक्षा प्रदान गरिन्छ । यही सुरक्षाका कारण उनीहरूलाई सार्वजनिक सडकमा गाडी चलाउन अनुमति छैन, चालकको प्रबन्ध हुन्छ । यीमध्ये धेरै सुविधा पूर्वप्रथम महिला-पुरुषका सवालमा पनि लागू हुन्छ । पूर्वराष्ट्रपतिका विधवाहरूले पनि २० हजार डलर वार्षिक पेन्सन पाउँछन् । तर, पुनः विवाह गरेको खण्डमा सुविधा खारेज हुन्छ । त्यस्तै, पूर्वराष्ट्रपतिका छोराछोरीलाई पनि १६ वर्षको उमेरसम्म गोप्य सेवा सुरक्षा दिइन्छ । पूर्वराष्ट्रपतिको मृत्यु हुँदा उनीहरूको अन्त्येष्टि लागत पनि सरकारले व्यहोर्छ । सामान्यतया पूर्वराष्ट्रपतिको राजकीय सम्मानका साथ अन्त्येष्टि हुन्छ । यसो भनिए पनि उनीहरूसँग आफ्नै अन्त्येष्टिको योजना बनाउने छुट हुन्छ ।

- एजेन्सीहरूको सहयोगमा

नेपालमा जात व्यवस्था

तत्कालीन मूलवासी राजा वा शासकहरूसँग सम्झौता गरी जात व्यवस्था लागू गर्न सफल भए

समाज



● मेखराज उदय

नेपालमा जात व्यवस्था र छुवाछुत प्रथा अहिले पनि याथावतै छ । संविधान र कानुनी व्यवस्थाबमोजिम जात, समुदाय, धर्म, सम्प्रदाय आदिका आधारमा कोही कसैमाथि विभेद र छुवाछुत गर्नु दण्डनीय अपराध हो । यद्यपि, सर्वविदितै छ, कानुनी व्यवस्था समाजमा कार्यान्वयन हुन सकेको छैन । भारतबाट आयातीत यो महारोग नेपाल कसरी प्रवेश गऱ्यो ? यो प्रश्न अहं छ नै, तथापि आजको सरहदको नेपाल प्राचीन कालदेखि एकीकृत थिएन । सोहीअनुसार विभिन्न टुक्रे राज्यमा फरक-फरक कालखण्डमा जात व्यवस्था र छुवाछुत प्रथा भित्रिएको इतिहास छ । केही सय वर्षअघि मात्रै मुगल शासकको क्रूरता, अत्याचारबाट प्रताडित भई छिमेकी मुलुक भारतबाट नेपालखण्डतर्फ प्रवेश गरेका ब्राह्मण पुरोहितहरूले खस, (कर्णाली) मगरात (हालको मर्स्याङ्दी नदीदेखि पश्चिम र राप्तीपूर्व) राज्य, नेवाः (काठमाडौं), मधेशका सलहेस राज्य तथा अन्त्यमा पूर्वका किराँत शासित राज्यहरू आदिमा प्रवेश गरेको इतिहास छ । उनीहरूको प्रवेशसँगै तत्कालीन मूलवासी राजा वा शासकहरूसँग सम्झौता गरी जात व्यवस्था लागू गर्न उनीहरू सफल भए ।

स्मरणीय के छ भने गोरखा राज्य विस्तारपूर्व नै यस क्षेत्रमा ब्राह्मण 'धर्म' र जात व्यवस्था, छुवाछुत प्रथा व्यापक रूपमा झाँगिसकेको थियो । तथापि, ऐतिहासिक तथ्य भन्छ, राजा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारी शाह राजाहरू यसका मुख्य जिम्मेवार हुन् । किनभने, नेपालको आर्य ब्राह्मण र खस (क्षत्रीय) दुई समुदायबिच सम्झौता बन्यो । जसअनुसार ब्राह्मण धर्म र खस राजाबिचको सम्झौताबमोजिम करिब अढाई सय वर्ष शासन सत्ता सञ्चालन गरियो । त्यसैको परिणाम नै राजतन्त्रात्मक हिन्दु अधिराज्य थियो । यसै सन्दर्भमा नेपाल कसरी बन्यो र यसको राजनीतिक, सामाजिक-सांस्कृतिक विविधता एवं विभेदी सम्बन्धबारे थप चर्चा गरौं ।


इतिहासकार बाबुराम आचार्यका अनुसार नेवाः, नेवार हुँदै शब्दको अपभ्रंशबाट नेपाल शब्द बनेको हो । त्यस्तै, डा. सुनीतिकुमार चट्टर्जीको भनाइमा पनि नेपार र नेवार शब्द एकै हुन् । इए गाइतका अनुसार नेपालमा सन् १७६९ सम्म नेवारी यहाँको राजभाषा थियो । नेपाल शब्दको उल्लेख सर्वप्रथम अथर्व परिशिष्टमा भएको छ । त्यसपछि महाभारत, बृहस्पति अर्थसूत्र, कौटिल्यको अर्थशास्त्र र कुमुक भट्टले मनुस्मृतिको टीका (भाष्य)मा पनि प्रयोग गरेका छन् । समुद्र गुप्तको प्राचीन प्रयाग अभिलेख र नेपालका केही लिच्छवि राजाहरूको अभिलेखमा नेपालको प्रथम उल्लेख भएको पाइन्छ । (हाम्रो समाजः एक अध्ययन, जनकलाल शर्मा)

तथ्य के हो भने राजा जयस्थिति मल्ल (सन् (१३६०-१३९५)ले भारतबाट कट्टर ब्राह्मण कीर्तिनाथ उपाध्याय तथा मैथिल ब्राह्मण रघुनाथ झा, रामनाथ झा तथा दक्षिण भारतबाट श्रीनाथ भट्ट र महिनाथ भट्टलाई नेपाल (काठमाडौं उपत्यका)मा झिकाई चार वर्णबाहेकका पञ्चम जातिलाई पेसाका आधारमा ३६ भागमा विभाजन गरे । यहाँको बनिबनाउ समाजलाई विभाजन गरी छुवाछुत प्रथासमेत कठोरतापूर्वक लागू गरे । (डा. चन्द्रविक्रम बुढाथोकी, जयस्थिति मल्लको सुधार) ।

'न्याय नपाए गोरखा जानू' भन्ने सर्वव्यापक कथन नेपाली जनमा आजपर्यन्त सुन्न पाइन्छ । गोरखाली राजा राम शाह (सन् १६०५-१६३६) ले वर्ण व्यवस्थालाई बलियो पार्न चार वर्ण ३६ जातको व्यवस्था गरेका थिए । उनका अन्य सुधार तथा नियमसहित वर्ण व्यवस्था र छुवाछुत प्रथा लाद्नु उल्लिखित कथनको एक महत्त्वपूर्ण कारण र आधार हो ।

लेखक मोदनाथ प्रश्रितको 'जातपात र छुवाछुत प्रथाः शास्त्रीय सन्दर्भ'का अनुसार नेपालको तराई, मधेश क्षेत्रमा इपू १००० तिर आजको नेपालको मिथिला क्षेत्र (पूर्वी तराई) का विदेह जनकवंशीलाई शास्त्रमा क्षत्रीय भनिएको र राजा जनकले 'ब्रह्मसभा' बोलाएको उल्लेख गरेकाले त्यतिवेला त्यस क्षेत्रमा वर्ण व्यवस्था थियो भनी मान्न सकिन्छ ।

यहाँ चर्चा गर्न खोजिएका तीन विषय हुन् । पहिलो- वर्ण, दोस्रो- जात र तेस्रो हो- नेपालमा वर्ण वा जात व्यवस्था कसरी र कहिले प्रवेश गऱ्यो ।



> राजा जयस्थिति मल्ल (सन् १३६०-१३९५)ले भारतबाट कट्टर ब्राह्मण कीर्तिनाथ उपाध्याय तथा मैथिल ब्राह्मण रघुनाथ झा, रामनाथ झा तथा दक्षिण भारतबाट श्रीनाथ भट्ट र महिनाथ भट्टलाई नेपाल (काठमाडौं उपत्यका)मा झिकाई चार वर्णबाहेकका पञ्चम जातिलाई पेसाका आधारमा ३६ भागमा विभाजन गरे ।

वर्ण शब्दले ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्रलाई ग्रहण गर्छ, जसको प्रथम प्रयोग ऋग्वेदको पुरुष सूक्तमा गरिएको छ । ऋग्वैदिक कालमा क्षत्रीय विश्वामित्र शास्त्रीय ज्ञान प्राप्तिका कारण ब्राह्मण बने । त्यो क्रम महाभारत कालसम्म पनि जारी रह्यो । महाभारतको अनुशासन पर्वमा वीतहव्य राजा, शल्यपर्वका अनुसार अर्ष्टिषेण, सिन्धद्वीप तथा देवापि आदि क्षत्रीयहरू सरस्वती नदी तटमा ब्राह्मण बनेका छन् । त्यसैले वर्ण व्यवस्था रहुन्जेल जन्म तथा कर्म (काम) दुवै आधारमा निर्धारण र वर्ण परिवर्तनसमेत सम्भव हुन्थ्यो । जाति वा जात शब्दले कुनै कालमा जन्मेका कारणले पाएको मर्यादाभेद वा वर्णशंकरत्त्व र त्यसैअनुसारको पेसातत्वलाई बुझाउँछ । अर्थात्, जाति शब्दको अर्थ हो, जन्म । जात कर्मका आधारमा परिवर्तन हुँदैन, जुन कुरा भागवत गीतालगायत ग्रन्थमा प्रस्ट लेखिएको छ ।

नेपालखण्डमा जात व्यवस्था

काठमाडौंका केही विहार यस्ता छन् जहाँ ब्राह्मण पनि बज्राचार्य हुन सक्छ र कहीँ ज्यापु पनि कर्मद्वारा बज्राचार्य हुन सक्छन् । कर्माचार्य, गुर्वाचार्य, जोशी आदि ६ थरे श्रेष्ठ थरधारी छन् । श्रेष्ठ थर विभेदको एक नमुना हो । उदाहरणका लागि २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ, २०४३ सालमा प्रधानमन्त्री बनेका मरिचमानसिंह श्रेष्ठ, कांग्रेसका सर्वोच्च नेता गणेशमासिंह श्रेष्ठसमेत प्रजातन्त्रवादी, पञ्चायतमा उच्च ओहोदामा पुगेका व्यक्ति तथा कम्युनिस्ट नेतासमेतले यो विभेदी श्रेष्ठ (सर्वोच्च, उत्तम) शब्दको त्याग होइन, अनुसरण नै गरे ।

चक्रवर्ती राजाका अधीनमा रहेका साना राज्य भएका राजाका राज्यलाई ठकुराई भनिन्छ र त्यस्तो राज्यको राजालाई ठाकुर वा ठकुरी भनिन्छ । उदाहरणका लागि नेपाल एकीकरण अभियान प्रारम्भ हुनुपूर्व यस भेकमा अनेक साना-साना राज्य थिए । ती राज्यमा शासन गर्ने ठकुरी जुनसुकै जातका हुन्थे । अर्थात्, अहिन्दु वा अनार्य अनेकौँ ठकुरीहरू धर्म परिवर्तनद्वारा क्षत्रीय बन्न पुगे । क्षेत्रका आधारमा ठाकुर र ठकुरीबिच समेत भेद उत्पन्न हुन गयो । जस्तै- पहाडका ठकुरीहरू आफूलाई उच्च खानदानी तथा शासक जाति भनी घमण्ड गर्ने गर्छन् । तथापि, मधेशका ठाकुरहरू मधेशी भएकैले विभेदमा पारिएको तीतो अनुभव गर्छन् । जस्तै- पहाडका ठकुरी शाह आदि र मधेशी नेता महन्थ ठाकुरका मनोदशालाई उदाहरणका रूपमा हेर्न सकिन्छ । यस्ता उदाहरण थुप्रै भेटिन्छन् । जस्तै- मधेशका झा पहाड उक्लेपछि ओझा भए । मधेशका मिश्रा पहाड चडेपछि मिश्र बने । भनिरहनै परेन ओझा, मिश्र आदि मधेशका मिश्रा र झाभन्दा आफूलाई उच्च भएको ठान्छन् । त्यस्तै पहाडका समाजमा सुनार, लोहार अछुत कहलाउँछन् भने, उनीहरू मधेश झरेपछि सोनार, लोहार कहलाउँछन् र त्यहाँ छुत मानिन्छन् ।

हालको कर्णाली प्रदेश पहिले खस राज्य थियो । खसहरू ईसाको आठौँ शताब्दीदेखि भारतको कश(खस) मीर हुँदै कर्णालीतिर प्रवेश गरे । उनीहरू धेरैपछि मात्रै धर्म परिवर्तन गरी हिन्दु बनेका हुन् । उनीहरू ब्राह्मण, क्षत्रीय र मतवालीसम्म बने । ब्राह्मणले राजालाई आफूपछिको उच्च ओहोदा दिएकाले वर्ण विभाजन कार्यमा तत्कालीन राजाहरूले आँखा चिम्लिदिएको वा मौन स्वीकृति दिएको बताइन्छ । यसर्थ, अनार्य, अहिन्दु खसहरू हिन्दु क्षत्रीय वर्णमा परिवर्तन गराइए । तथापि, मनुस्मृति (१०/१२) अनुसार खसलाई पनि व्रात्य नै भनिएको छ । व्रात्यको अर्थ वर्णशंकर वा यज्ञोपवित (जनै) विहीन अर्थात् शूद्र वर्ण भन्ने अर्थ लाग्छ ।

शाह, राणाशासन कालमा शूद्र (दलित)माथि धेरै कडा कानुन लागू गरियो । प्रधानमन्त्री भीमसेन थापा (१८६३–१८९६) ले छुवाछुत व्यवहारलाई अझ कडा र व्यवस्थित पार्ने काम गरे । उदाहरणका लागि उक्त समयमा भाउजूसँग ब्राह्मण र क्षत्रीले यौन सम्बन्ध राखे कैद जरिवाना गरिन्थ्यो । तर, अछुतले उही अपराध गरे काटिन्थ्यो । प्रधानमन्त्री जंगबहादुर राणाले २०१० सालमा मुलुकी ऐन जारी गरे । उनले परम्परागत अछुत समुदायलाई पानी नचल्ने जातको रूपमा कानुनमै व्यवस्था गरे । कथित उच्च जातकाले अछुतमाथि छुवाछुतको व्यवहार नगरे दण्ड सजाय हुने व्यवस्था गरे ।

२००६ सालताका सर्वजित कामीको नेतृत्वमा एक टोली प्रधानमन्त्री मोहनशमशेर राणासमक्ष खड्काथोकी थर भएका कामी जातिको जात बदुवा गराउन बिन्तीपत्र लिएर पुगेका थिए । उनी ००६ सालअगावै विश्व सर्वजन संघ नामक दलितको पहिलो संगठन स्थापना गर्ने व्यक्ति हुन् । उनीहरूको माग थियो, 'हामीले खड्का थर लेख्न र यज्ञोपवित धारण गर्न पाउनुपर्छ र हामीलाई क्षत्रीसरहको जात बदुवा गराइपाऊ ।' राणा प्रधानमन्त्रीले उनीहरूको माग सदर गरे पनि तल्लो तहका सरकारी कर्मचारीको षड्यन्त्रका कारण उक्त आदेश कार्यान्वयन हुन पाएन । बरु कर्मचारीको जालमा उनीमाथि मुद्दा लगाई जेल हालियो । त्यहाँबाट निस्केपछि सर्वजित भारत गए र उतैका पण्डित पुरोहितको सल्लाहबमोजिम आफूलाई मिथकका विश्वकर्माका सन्तान मान्दै विश्वकर्मा थर लिएर फर्के । त्यसपछि अछुत मानिने एक जातिले आफ्नो थर विश्वकर्मा लेख्न थाले र अद्यापि लेख्दै छन् ।

ऋग्वैदिक कालमा आर्य, अनार्य जाति (समुदाय ?) बिच द्वन्द्व भएको उल्लेख छ । नेपालका मूलवासी समुदायमाथि ब्राह्मणहरूले जात विभाजनको सीमारेखा कोरे । त्यसैमा खस, मगर, नेवाः आदि राजा वा शासकले स्वार्थवश साथ दिए । जात व्यवस्थाको आधार र कारण शासन सत्ता, शक्ति र सम्पत्ति (तीन शक्ति)नै हुन् । दैविक वा ईश्वरीय सत्ता, स्वर्ग, नर्कका जालझेलको रचना गरेर सोझा समुदायको राज्यसत्ता, वैभव र विरासतमाथि विभेदी शासन लादिएको इतिहास बुझ्न जरुरी छ । त्यसपूर्व नेपालमा न जात व्यवस्था थियो, न छुवाछुत प्रथा ।

वैदिककालदेखि नै ब्राह्मण र क्षत्रीय मिलेर शासन गर्दै आए । क्षत्रीय राजा सुदास दिवोदासका पुत्र थिए । राजाका पुरोहित वशिष्ठ अत्यन्तै प्रतिभाशाली थिए । वशिष्ठको प्रतिभाका अगाडि राजा सुदासको प्रतिभा त्यसै धमिलिएर जाने देखिएकाले उनले विश्वामित्रलाई आफ्नो राजपुरोहित बनाए । त्यसैको प्रतिशोधस्वरूप वशिष्ठले सुदासलाई दाशराज युद्धमा फसाइदिएका थिए । त्यसैले यी दुई समूहबिच द्वन्द्वको इतिहास पनि छ । ब्राह्मणलाई जब संकट आइपर्छ, तब क्षत्रीयलाई पुकार्ने र क्षत्रीयको सहयोगमा आफ्नो सत्ता बचाउने प्राचीन इतिहास छ । त्यसैले नेपालमा समेत धेरैपटक 'राजा (क्षत्रीय) आऊ देश (ब्राह्मण सत्ता) बचाऊ'को नारा यसैकारण लाग्ने गरेको छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २८ असार ०८२

संक्षेप

रसुवा बाढीले २६० मेगावाट विद्युत् उत्पादनमा क्षति



काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले रसुवामा हालै आएको बाढीका कारण करिब दुई सय ६० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको बताएका छन् ।

शुक्रबारको राष्ट्रिय सभा बैठकमा मन्त्री खड्काले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त जलस्रोत विधेयक, २०८१ माथि विचार गरियोस्,' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सभाले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

उक्त प्रस्ताव प्रस्तुत गर्नुअघि मन्त्री खड्काले मंगलबार रसुवामा आएको बाढीले त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका महत्त्वपूर्ण जलविद्युत् आयोजना तथा प्रसारण संरचनामा क्षति पुगेको जानकारी दिएका हुन् । उनका अनुसार १११ मेगावाट क्षमता रहेको रसुवागढी जलविद्युत् आयोजना, २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजना, २१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् आयोजना र १४ मेगावाट क्षमताको देवीघाट आयोजना बाढीका कारण उत्पादन अवरुद्ध रहेका छन् ।

विद्युत्को खपत बढाउन इभीको कर स्थिर : अर्थमन्त्री पौडेल



काठमाडौं/ अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विद्युत् खपत बढाउन विद्युतीय सवारी (इभी)को करलाई स्थिर राखिएको बताएका छन् ।

शुक्रबार नेपाल आर्थिक पत्रकार संघनाफिजको कार्यक्रमलाई सम्बोधन गर्दै बजेटमार्फत नेपालको ऊर्जा खपत बढाउन विद्युतीय सवारीसाधनलाई प्रवर्द्धन गरेको बताए । मन्त्री पौडेलले बजेटमार्फत करका नीति र दरमा स्थिरता खोजेको पनि बताए ।

मधेशमा खडेरी, एकतिहाइ मात्रै रोपाइँ

गत वर्ष अन्यत्रको तुलनामा कम वर्षा भएको मधेशमा अहिले पनि खासै पानी परेको छैन । मौसमविद्ले आगामी दिनमा पनि मधेशमा धेरै पानी नपर्ने अनुमान गरेपछि मन्त्रिपरिषद् निर्णयबाटै प्रदेशलाई सुक्खा क्षेत्र घोषणा, वर्षा कुर्दा कुर्दै धानको ब्याड सुक्न थालेपछि किसान निराश

जनकपुरमा **हदिश खुद्दार**

धान राप्ने समय घर्कन लाग्दासमेत पर्याप्त पानी नपरेपछि बिहीबार साँझ बसेको मधेशको मन्त्रिपरिषद् बैठकले प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ ।

मनसुनको मुख्य सिजनमा वर्षा नहुँदा धान रोपाइँ गर्न समस्या उत्पन्न भएको र रोपिएका खेतमा पनि धाँजा फाट्न थालेकाले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जानकारी दिए ।



वीरगन्ज महानगरले ट्यांकरबाट वितरण गरेको पानी लिन राति लामबद्ध भएका उपभोक्ता ।

मन्त्रिपरिषद् बैठकले सुक्खा मौसमका कारण चिन्तित किसानलाई सम्बोधन गर्ने गरी विशेष राहत प्याकेज घोषणा गर्न संघीय सरकारसँग आग्रह गर्ने निर्णयसमेत गरेको छ । त्यस्तै, कृषिक्षेत्रमा क्रियाशील दातृ निकायलाई पनि आवश्यक सहयोग गर्न मधेशले आह्वान गरेको छ । मन्त्रिपरिषद्को बैठकले पर्साको वीरगन्जसहित प्रदेशका विभिन्न जिल्लामा देखिएको खानेपानी संकट समाधानका लागि ट्यांकरसहितका माध्यम परिचालन गर्ने निर्णयसमेत गरेको छ । खानेपानी संकट समाधान गर्न संघीय खानेपानी मन्त्रालयसँग सहयोग पनि मागिएको छ ।



२ दिनअघि वीरगन्ज पुगेका खानेपानीमन्त्री प्रदीप यादवले स्थानीयको घरको धारा निरीक्षण गर्दै सरकारले खानेपानी समस्याको दीघकालीन समाधान सोचिरहेको आश्वासन दिएर फर्किए

खानेपानीमन्त्री प्रदीप यादवले बुधबार वीरगन्ज पुगेर अनुगमनसमेत गरेका छन् । खासगरी वीरगन्ज महानगरपालिका र सखुवा प्रसौनी गाउँपालिकामा खानेपानीको संकट गहिरिएको छ । पर्सा मन्त्री यादवको गृहजिल्लासमेत हो । उनी पर्सा १ बाट निर्वाचित भएका हुन् ।

वीरगन्ज पुगेर उनले साढे चार अर्ब लागतमा बृहत खानेपानी आयोजना निर्माण भइरहेकाले दीर्घकालीन रूपमै समस्या समाधानका लागि सरकारी पहल जारी रहेको आश्वासन दिएका थिए । मुहान सुकेर पानी नआएपछि महानगरपालिले वडाहरूमा ट्यांकरमार्फत पानी वितरण गर्न थालेको छ ।

मैजारो गर्ने वेलामा रोपाइँको चिन्ता

तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये अहिलेसम्म एक लाख २५ हजार ८८८.६ हेक्टरमा मात्र धान खेती लागेको छ

असार अन्तिममा आइपुग्दा किसानहरू मैजारोको तयारीमा हुन्छन्, तर मधेशमा भने भर्खर एकतिहाइ मात्रै रोपाइँ सकिएको छ ।

कृषि विकास निर्देशनालय, मधेशका अनुसार शुक्रबारसम्म प्रदेशभर ३३ प्रतिशत मात्र धान रोपाइँ भएको छ । जबकि, यो अवधिमा ७०-८० प्रतिशतसम्म रोपाइँ सकिनुपर्ने मधेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डलले जानकारी दिए ।

'अहिलेसम्म मधेशभरिमा ७५ देखि ८० प्रतिशत रोपाइँ सम्पन्न हुनुपर्नेमा ३३ प्रतिशत मात्रै सम्पन्न हुनु भनेको खडेरीका संकेत हो,' उनले भने । चार-पाँच दिनभित्र पर्याप्त वर्षा भए किसानले रोपाइँ सम्पन्न गर्न सक्ने सम्भावना, तर त्यसपछि पनि वर्षात् नभए प्रदेशको उत्पादनमा ठुलो गिरावट आउने उनले बताए ।

कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेशमा पाँच लाख ४२ हजार पाँच सय ८०.७८ हेक्टर खेतीयोग्य जमिन रहेकोमा तीन लाख ७२ हजार ६ सय ४५ हेक्टरमा धानखेती हुन्छ । तर, असार सकिन लाग्दा एक लाख २५ हजार आठ सय ८८.६ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ भएको छ ।

निर्देशनालयका वरिष्ठ बागबानी विकास अधिकृत प्रदीपकुमार यादवका अनुसार मधेशको पर्सामा सबैभन्दा बढी धान रोपाइँ भएको छ भने सप्तरीमा सबैभन्दा कम रोपाइँ भएको छ । पर्सामा ३९ हजार सात सय ३१ हेक्टरमध्ये ७३.३४ प्रतिशत अर्थात् २९ हजार १३८ हेक्टरमा र सप्तरीमा ६८ हजार हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा अहिले १६ प्रतिशत अर्थात् १० हजार आठ सय ८० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ भएको छ ।

रौतहटमा ३५ हजार हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा ४५ प्रतिशत अर्थात् १५ हजार सात सय ५० हेक्टर, बारामा ४६ हजार २० हेक्टरमा रोपाइँ हुँदै आएकोमा ४० प्रतिशत अर्थात् १८ हजार चार सय आठ हेक्टरमा मात्र रोपाइँ भएको छ । सर्लाहीमा ४३ हजार ६ सय ९४ हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा अहिलेसम्म ४० प्रतिशत, सिराहामा ५४ हजार हेक्टरमध्ये अहिलेसम्म २९ प्रतिशत जमिनमा धान रोपाइँ भएको छ ।

त्यसैगरी, धनुषामा ४३ हजार सात सय हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा २५ प्रतिशत र महोत्तरीमा भने ६८ हजार हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा १८ प्रतिशत मात्र धान रोपाइँ हुन सकेको बागवानी विकास अधिकृत यादवले जानकारी दिए । वर्षा नहुँदा रोपाइँको पर्खाइमा रहेका मधेशका किसानहरू निराश हुन थालेका छन् ।



कहिले पर्छ पर्याप्त पानी ?

जल तथा मौसम विज्ञान विभागले मनसुनभर नै मधेशमा कम वर्षा हुने यसअघि गर्ने गरेको थियो प्रक्षेपण



मधेशमा वर्षा हुन मनसुनी रेखा सरदरमा हुनुपर्छ, तर यसपालि सरदरभन्दा तल नै छ

● **मीनकुमार अर्याल**, वरिष्ठ मौसमविद्

मनसुन सुरु भएको डेढ महिनामा मुलुकका अन्य भागमा सरदर वर्षा भए पनि मधेशसँगै पूर्वी तराईमा भने सुक्खा छ । जल तथा मौसम विज्ञान विभागका अनुसार जनकपुर, सिमरा, विराटनगर, धरानलगायतका स्टेसनमा सरदरभन्दा आधा मात्र वर्षा भएको छ । मधेशमा सुरुदेखि नै कम वर्षा भएको छ । गत वर्ष पनि मधेशमा तुलनात्मक रूपले कम वर्षा भएको थियो ।

विभागले मनसुन सिजनभर नै मधेशमा सदरदरभन्दा कम वर्षाको प्रक्षेपण यसअघि नै गरेको थियो । मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले पश्चिम नेपालमा मनसुनी रेखा सरदर हाराहारी रहे पनि मध्य र पूर्वी नेपालमा दक्षिणतिर हुँदा पर्याप्त पानी नपरेको बताए । 'पश्चिमतिर बादल र स्थानीय वायुले पनि सहयोग गरिरहेको छ । अन्य पहाडी क्षेत्रमा स्थानीय प्रणालीका कारण आइसोलेटेड वर्षा भइरहेको छ,' उनले भने, 'मधेशमा वर्षा हुन मनसुनी रेखा सरदरमा हुनुपर्छ । तर, यसपालि सरदरभन्दा तल नै छ ।'

तराई क्षेत्रमा मनसुनी वर्षा हुनका लागि कम्तीमा महाभारत क्षेत्रमा बादल पुग्नुपर्छ, महाभारतको पहाडी क्षेत्रमा बादल ठोक्किएर तराई क्षेत्रमा मनसुनी वर्षा हुन्छ । तर, मनसुनी प्रणाली कमजोर छ । 'दिउँसो चर्को गर्मी छ । तलाउ, पोखरी तातेर बादल बनी पहाडमा ठोक्किएर आसोलेटेड वर्षा भइरहेको हो । तर, तराईको आकाशमा त ठोक्किनका लागि पहाड हुँदैन । सानो सिस्टम माथिल्लो रेन्जसम्म पुग्दैन । मनसुनीयाममा तराईमा पानी पर्नका लागि न्यून चापीय रेखा नै उत्तरतिर सर्नुपर्छ,' अर्यालले भने ।

पछिल्ला वर्षहरूमा वर्षाको ट्रेन्ड नै फेरिएको उनको भनाइ छ । चैत-वैशाखमा आकाश गड्याङगुडुङ भएर पानी पर्ने गरेको छ ।

३० अर्ब ऋण लिइएको विद्युत् वितरण प्रणाली सुधार परियोजना पाँच वर्षदेखि अलमलमै


भन्सार छुटमा सामान आयात गर्न दिने नीति कार्यान्वयन नहुँदा सुदूरपश्चिम, कर्णाली र लुम्बिनीमा शतप्रतिशत विद्युतीकरण गर्ने योजनामा ठेस

पवन तिमिल्सिना/नयाँ पत्रिका

तुलनात्मक रूपमा विद्युत्को न्यून पहुँच भएका कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका ३३ जिल्लालाई पूर्ण विद्युतीकरण गर्ने उद्देश्यले करिब ३० अर्ब रुपैयाँ ऋण लिएर सुरु गरिएको परियोजनाले गति लिनसकेको छैन ।

विद्युत् प्राधिकरणबाट कार्यान्वयन हुने गरी अर्थ मन्त्रालयले पाँच वर्षअघि 'वितरण प्रणाली सुधार एवं विस्तार परियोजना'का लागि एसियाली पूर्वाधार लगानी बैंक र युरोपेली लगानी बैंकसँग करिब ३० अर्ब ऋण सम्झौता गरेको थियो । कोभिड- १९ महामारी र सामाजिक तथा वातावरणीय अध्ययनमा भएको ढिलासुस्तीले तीन वर्षपछि मात्रै सुरु भएको परियोजनाको काम निर्माण सामग्री आयातमा भन्सार छुट दिने निर्णय नहुँदा झन् पछि धकेलिएको छ ।

प्राधिकरणका अनुसार राष्ट्रिय प्रसारणलाइन नपुगेका क्षेत्रमा नयाँ ३३ केभी प्रसारणलाइन, सबस्टेसन र वितरण लाइन निर्माण गर्ने तथा विद्यमान प्रणालीको स्तरोन्नति गर्ने गरी परियोजना अघि बढाइएको छ, तर परियोजनाका लागि आवश्यक सामग्री आयातमा भन्सार महसुल छुटको निर्णय प्रक्रिया लामो समयदेखि अर्थ मन्त्रालयमै अल्झिएको प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए । 'यो परियोजनामा जुन गतिले काम हुनुपर्ने हो, त्यसो भएको छैन,' उनले भने, 'प्रसारणलाइन निर्माणमा अवरोधका कारण ढिलाइ भइरहेकै छ । अर्कातिर, निर्माण सामग्री आयातमा भन्सार तथा कर छुटका विषयमा निर्णय प्रक्रिया अघि नबढ्दा झन् ढिलाइ भइरहेको छ ।' अपेक्षित गतिमा काम नहुँदा लागत बढ्ने दबाबमा प्राधिकरण छ ।



वैदेशिक ऋण तथा अनुदानमा सञ्चालित आयोजनामा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र (इन्टरनेसनल कम्पिटिटिभ बिडिङ) आह्वान गर्दा ठेकेदारलाई 'क्यारिज एन्ड इन्स्योरेन्स पेड'मा 'बिल अफ क्वान्टिटी' भर्न लगाउने सरकारी नीति नै छ । प्रतिस्पर्धाबाट छनोट भएको कम्पनीलाई निर्माण सामग्री आयात गर्नुपर्ने भए परियोजनासँग सम्बन्धित सरकारी निकाय (विद्युत् प्राधिकरण)ले भन्सार विन्दुमा लाग्ने महसुल एवं शुल्क छुटको सिफारिस गरिदिने र अर्थ मन्त्रालयले स्वीकृति गरेर मूल्य अभिवृद्धि कर (भ्याट) पूर्ण छुट पाउने तथा भन्सार महसुल १ प्रतिशत मात्र लाग्ने व्यवस्था छ । निर्माण कम्पनीले तिरेको १ प्रतिशत महसुल पनि प्राधिकरणले पछि शोधभर्नाको रूपमा भुक्तानी गर्ने प्रावधान छ । यही प्रावधानअनुसार ठेक्का सम्झौता भए पनि अर्थले भन्सार छुटको निर्णय नगरिदिँदा आयातीत निर्माण सामग्री भन्सार जाँचपास हुन नसकेको निर्माण व्यवसायी राजेन्द्र घिमिरेले गुनासो गरे ।

भन्सार छुटबराबरको रकम प्राधिकरणबाट सेयर लिने सर्तले अन्योल

यस परियोजनाका लागि सरकारले दिने कर छुटबराबरको रकम विद्युत् प्राधिकरणबाट सेयर लिने सर्त राखिएको छ । उक्त सर्तको अधीनमा रहेर मात्रै ठेक्का पाउने कम्पनीले आयात गर्ने सामग्री १ प्रतिशत महसुलमा जाँचपास हुने निर्णय पनि भएको छ । यस्तो निर्णयले महँगो ब्याजमा प्राप्त ऋण र तत्काल कुनै प्रतिफल नआउने ग्रामीण विद्युतीकरणको आयोजनाबाट आर्थिक दायित्व बढेको प्राधिकरणका अधिकारीको भनाइ छ । यही सर्त पालनामा सरकारी निकायबिच अन्योल हुँदा आयात भएको निर्माण सामग्री १० महिनादेखि भन्सार विन्दुमा रोकिएको निर्माण व्यवसायी राजेन्द्र घिमिरेले जानकारी दिए । 'हामीले मास्टरलिस्ट तयार गरी सरकारी निकायबाट स्वीकृतसमेत गरेर सामान आयात गरिसकेका छौं । भारतमा अर्डर गरेको तीन महिनामै सामान प्राप्त भयो, तर भन्सार छुटको निर्णयमा भएको ढिलाइले करिब १० महिनादेखि निर्माण सामग्री भन्सार विन्दुमा रोकिएका छन् ।' भन्सार छुट दिने रकमबराबरको सेयर प्राधिकरणबाट सरकारले लिने र ठेकेदारलाई कर छुटमा बीजक जारी गर्न नदिने निर्णयलाई ग्रामीण विद्युतीकरणको क्षेत्रमा सरकारले अड्को थापेको अर्थमा बुझ्नुपर्ने पूर्वऊर्जासचिव दिनेश घिमिरेको टिप्पणी छ । 'ग्रामीण क्षेत्रमा भरपर्दो विद्युत् पहुँच विस्तार गर्नुपर्ने दायित्वमा सरकार कसरी प्रस्तुत हुन्छ भन्ने गम्भीर प्रश्न उठेको छ,' उनले भने ।

समय लम्बिँदा सुरुको लागत अनुमानभन्दा ४२ प्रतिशतसम्म आर्थिक दायित्व बढ्ने

ग्रामीण विद्युतीकरणको परियोजनलाई करिब २८ प्रतिशतको सेयर (छुट हुने करबापतको रकम) सरकारलाई दिनुपर्ने र ठेकेदारले कर छुटमा बीजक जारी गर्ने सुविधा नपाउँदा प्राधिकरणले थप १३ प्रतिशत भ्याट जोडेर ठेकेदारलाई भुक्तानी दिनुपर्छ । अर्कातिर, परियोजनामा भइरहेको ढिलाइसहितको कारणले करिब ४२ प्रतिशत सम्म थप आर्थिक दायित्व बढ्ने प्राधिकरणको अनुमान छ । 'एआइआइबी र इआबीसँगको ऋणको ब्याज करिब ४ प्रतिशत हाराहारीमा रहेको र डलरसँगको विनिमयदरको जोखिम पनि प्राधिकरणले नै व्यहोर्नुपर्दा यी आयोजनाको लागत थप बढ्ने देखिन्छ,' एक अधिकारीले भने ।

विकासको गति बढाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले विकास आयोजना समयमा सम्पन्न नभई अनुमानभन्दा धेरै लागत लाग्ने र जनताले दुःख पाउने अवस्थामा परिवर्तन गर्न निर्देशन दिएका छन् ।



प्रधानमन्त्री कार्यालयमा शुक्रबार भएको राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमा ओलीले विकासलाई केन्द्रित गरेर अगाडि बढे पनि सोचेजति कामले गति लिन नसक्नुका समस्याहरू पहिचान गरी स्पष्ट कार्ययोजनाका साथ लाग्न पनि निर्देश गरेका छन् ।

'जनतालाई मलमा अनुदान दिने नीति छ, तर मलचाहिँ समयमा पाइँदैन । यस खालको जनता अलमल्याउने कुरा नगरौं । बरु अनुदान घटाऔं, आपूर्ति बढाऔं,' उनले भने, 'हामीले देशको द्रुतगतिमा विकास गर्नुछ । १२ अर्ब लागतबाट थालनी गरिएको कुनै आयोजना ५२ अर्बसम्म लाग्ने स्थिति पनि देखिएको छ । यो स्थिति कसरी आयो ? यस्तो लापरबाही गर्नेलाई कारबाही गर्ने कि नगर्ने ?'

ओलीले सम्झौता गरिएको ठेकेदार वा ढाँचाबाट काम नभए अर्को बाटो लिन जोड दिँदै यस खालको गतिले माथि उठ्न नसक्ने भएकाले कामको तरिकामा परिवर्तनका लागि चुस्तदुरुस्त रूप गर्ने शैलीमा लाग्नुपर्ने बताए ।

भावपूर्ण
श्रद्धाञ्जली



जन्म
बि.स. १९५८/२/१६

स्वर्गारोहण
बि.स. २०८२/३/२०

स्व. कुल बहादुर राई MBE

स्वर्गिय पिता दिल बहादुर राई MBEस्वर्गीय माता लक्ष्मी शोभा राई को माईलो सुपुत्र **कुल बहादुर राई** MBE ८४ वर्षको उमेरमा असमाहिक निधन भएको मा गाहिरो दु:ख प्रकट गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै सुप्तुलुङमा बासहोस् भनी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै उहाँको छोरा/बुहारी कल्याण राई, जोसेफिन राई र हिमशैल राई स-परिवारजन, नर नाता शुभेच्छुकप्रति धैर्यधारण गर्ने शक्ति सुम्निमा पारुहाङले प्रदान गरून् भनि प्रार्थना गर्दै गाहिरो समवेदना व्यक्त गर्दछौं ।

जेठा दाजु/भाउजू
दिप बहादुर राई/रामकुमारी राई
भाइ/बुहारीहरू
कृष्ण कुमार राई/रतन राई
हेमचन्द्र राई MBE, BEM /तारा राई
बैनि ज्वाईंहरू
सिमा राई, सुमित्रा लेप्चा तथा ज्वाईं, सीता वान्तावा तथा ज्वाईं
साबित्री बुढाथोकी तथा ज्वाईं
तथा सम्पूर्ण राई परिवार

गैरआवासीय नेपालीको सदस्यता संकलन तीव्र

नयाँ पत्रिका


गैरआवासीय नेपाली संघले सन् २०२५-२०२७ कार्यकालको सदस्यता संकलन तीव्र पारेको जनाएको छ । शुक्रबारसम्मको तथ्यांकअनुसार विश्वभर रहेका नेपालीमध्ये ६८ हजार ६ सय ५१ को सदस्यता स्वीकृत भइसकेको छ भने थप ५ हजार १ सय ९८ नयाँ आवेदन स्वीकृतिको प्रक्रियामा रहेको संघले जनाएको छ । ५६ वटा राष्ट्रिय समन्वय परिषद्मार्फत सदस्यता संकलन भइरहेको संघले जनाएको छ ।

संघका अनुसार क्षेत्रगत रूपमा एसिया प्यासिफिकमा १९ हजार ९ सय ११, ओसियानियामा १६ हजार ५ सय ३६, अमेरिकामा १५ हजार ४ सय २१, युरोपमा ९ हजार ८ सय ११, मध्यपूर्वमा ६ हजार ३ सय ५७ र अफ्रिकामा ६ सय १५ गैरआवासीय सूचीकृत भइसकेका छन् ।

जापान	१८,३९३
अस्ट्रेलिया	१५,५५१
अमेरिका	९,६७१
बेलायत	३,५०८
साउदी अरेबिया	३,१२७
क्यानडा	५,७५०
कतार	१,१२४
आयरल्याण्ड	१,४०२
युएई	१,९२०

संघले मोबाइल एपमार्फत सदस्यता प्रणालीलाई सहज र पारदर्शी बनाएको जनाएको छ । जापान र अस्ट्रेलियामा सदस्यता वितरण सकिएको छ । हालसम्मको सूचीकृत तथ्यांकअनुसार जापानमा सबैभन्दा धेरै गैरआवासीय नेपालीले सदस्यता लिएका छन् । दोस्रोमा अस्ट्रेलियामा रहेका नेपालीको संख्या छ । त्यस्तै, क्यानडा, न्युजिल्यान्ड, आयरल्यान्ड, साउदी अरेबियामा, साउथ सुडान, फ्रान्समा पनि सदस्यता वितरण सकिसकेको संघले जनाएको । 'आगामी दिनहरूमा बाँकी परिषद्को सदस्यता आवेदन स्वीकृतिपश्चात् यो संख्या अझै बढ्ने अपेक्षा गरिएको छ,' संघले विज्ञप्तिमार्फत भनेको छ ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म :
वि.सं. १९५८/२/१६

स्वर्गारोहणः
वि.सं. २०८२/३/२०

स्व. कुलबहादुर राई

हाम्रा पुजनीय बुबा, ससुरा, बाजे श्री कुलबहादुर राई MBE ज्यूको ८४ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी सपरिवार मर्माहत भएका छौं । उहाँको आत्मालाई चिरशान्तिको कामना गर्दै सुप्तुलुङमा बास होओस् भनी प्रार्थना गर्दछौं । यस दु:खद घडीमा हामीलाई साथ, सहयोग र सान्त्वना दिनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, आफन्तजन, इष्टमित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

छोराहरू/बुहारी
कल्याण राई/जोशेफिन राई
हिमशैल राई

नाति/नातिनीहरू
केन राई, निना राई,
राजकुमारी राई

तथा, सम्पूर्ण माङपाहाङ लुलाम परिवार
बाँसबारी, काठमाडौं

का.नि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०
शनिबार २८ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

१४ वर्षमा आठ विदेशी फुटबल प्रशिक्षक

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अहिले नेपालको फुटबलमा एउटा तरंग छ। महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक प्याट्रिक वाइल्डले अखिल नेपाल फुटबल संघ (एन्फा)को शैलीको ठाडै विरोध जनाएका छन्। एन्फाको यो व्यवहार परिवर्तन नहुँदासम्म नेपाल नफर्कने वाइल्डको अडान छ। जेजस्तो फुटबलमा आन्तरिक विवाद आए पनि एन्फाले भने लगभग डेढ दशकमा विदेशी प्रशिक्षकलाई पहिलो प्राथमिकतामा राखेको देखिन्छ। सन् २०११ देखि २०२५ सम्म नेपाली पुरुष टोलीमा आठ विदेशी प्रशिक्षकले अवसर पाएका छन्। यसबिचमा बालगोपाल महर्जन, नवीन न्यौपाने तथा प्रदीप हुमागाईंले पनि छोटो समयका लागि टोली सम्हाल्ने अवसर पाए। ग्राहम रोबर्ट्स विदेशीमध्ये सबैभन्दा हाइप्रोफाइलका थिए। उनले नेपाललाई पहिलोपटक साफ च्याम्पियनसिपको सेमिफाइनल र विश्वकपअन्तर्गत एसियन छनोटको दोस्रो चरणमा पुऱ्याए। उपाधि हात नपारे पनि अब्दुल्ला अलमुताइरीले नेपाललाई साफ च्याम्पियनसिपको फाइनलसम्म पुऱ्याएका थिए। जापानिज प्रशिक्षक कोजीले नेपालको उमेर समूहमा एएफसी सोलिडारिटी कप दिलाएका थिए। यो १५ वर्षमा नेपाल फुटबलका मुख्य प्रशिक्षक बनेका यस्ता छन्।

ग्राहम रोवर्ट्स : रोवर्ट्स नेपाली फुटबलकै अहिलेसम्मका हाइप्रोफाइल विदेशी प्रशिक्षक हुन्। उनी इंग्ल्यान्डका पूर्वराष्ट्रिय खेलाडी तथा टोटनह्यामका डिफेन्डर हुन्। सन् २०११-१२ सम्म उनले एक वर्ष नेपालको पुरुष टोली सम्हाल्दा एक किसिमको हलचल मच्चाए। मैदानभित्र र बाहिर उनलाई कसैको हस्तक्षेप मन पर्दैनथ्यो। खेलाडी र पदाधिकार अनुशासनमा रहनुपर्ने उनले नियम नै बनाए। सन् २०११ मा एएफसी च्यालेन्ज कप छनोटमा नेपाल उत्तर कोरियासँग झिनो १-० ले मात्र पराजित भयो। सन् २०१० मा उत्तर कोरियाले दक्षिण अफ्रिकामा आयोजना भएको विश्वकप खेलेको थियो। विश्वकपमा सहभागी भएको पूरै उत्तर कोरियाले नेपालविरुद्ध प्रतिस्पर्धा गरेको थियो। रोबर्ट्सको प्रशिक्षणमा नेपालले उत्तर कोरियाविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गऱ्यो। उनकै समयमा नेपालले एसियाकै बलियो राष्ट्र जोर्डनलाई दशरथ रंगशालामा १-१ को बराबरीमा रोक्न सफल भएको थियो। तर, विश्वकप छनोटअन्तर्गत दोस्रो चरणको पहिलो लेगमा नेपाल भने जोर्डनसँगै ९-० ले पराजित रह्यो। नेपाल पहिलोपटक विश्वकपअन्तर्गत एसियन छनोटको दोस्रो चरणमा पुगेको उनकै प्रशिक्षणमा थियो। सन् २०१२ को एएफसी च्यालेन्ज कप छनोटमा तुर्किमिनिस्तानसँग ३-० ले पराजित भएपछि रोबर्ट्सले राजीनामा दिए।

ज्याक स्टेफानोस्की : रोबर्ट्सपछि नेपाली टोलीको मुख्य प्रशिक्षकका रूपमा पोल्यान्डका ज्याकले आए। ठुलो प्रोफाइल नभएपछि ज्याकको मुख्य विशेषता युवा खेलाडीलाई प्राथमिकता राख्दै एक्पोजर दिलाए। उनी रोबर्ट्सजस्तो हक्की र रिसाहा स्वभावका थिएनन्। विमल घर्तीमगर, अञ्जन विष्ट तथा अनन्त तामाङजस्ता युवा फुटबलरले सिनियर टोलीमा भरपुर मौका पाए। ज्याकको कार्यकालमा नेपालले ठुलो जित निकालेको नर्दन मारिया आइसल्यान्डविरुद्ध ६-० थियो। फिलिपिन्ससँगको एक मैत्रीपूर्ण खेलमा नेपाल ३-० ले पराजित भयो। उनको प्रशिक्षणमा नेपालले ठुलो अन्तरले हार व्यहोरेको यही नै थियो।



ग्राहम रोवर्ट्स (२०११-०१२)

विपक्षीविरुद्ध गोल : १३
गोल व्यहोरेको : २६
फिफा वरीयता : १३५
फराकिलो जितः इस्ट टिमोरविरुद्ध ५-०
ठुलो हार : जोर्डनसँग ०-९
उपाधि : ०



ग्योतुकी कोजी (२०१६-०१८)

विपक्षीविरुद्ध गोल : १०
गोल व्यहोरेको : १६
फिफा वरीयता : १६१
फराकिलो जितः ब्रुनाइविरुद्ध ३-०
ठुलो हार : फिलिपिन्स ४-१
उपाधि : एएफसी सोलिडारी कप



अब्दुल्लाह अलमुताइरी (२०२१-०२३)

विपक्षीविरुद्ध गोल : ८
गोल व्यहोरेको : २२
फिफा वरीयता : १७५
फराकिलो जित : चाइनिज ताइपेई २-०
ठुलो हार : इराक ६-२
उपाधि : ०



प्याट्रिक असेम्स (२०१५-०१६)

गोल गरेको : १
गोल खाएको : ६
ठुलो जित : ०
फराकिलो हार : भारत ४-१
उपाधि : ०



ज्याक स्टेफानोस्की (२०१३-०१५)

विपक्षीविरुद्ध गोल : ११
गोल व्यहोरेको : १९
फिफा वरीयता : १५९
फराकिलो जित : नर्थन मारियानाविरुद्ध ६-०
ठुलो हार : फिलिपिन्स ०-३
उपाधि : ०



जोहान कालिन (२०१९-०२०)

विपक्षीविरुद्ध गोल : ३
गोल व्यहोरेको : २३
फिफा वरीयता : १७१
फराकिलो जित : चाइनिज ताइपेई २-०
ठुलो हार : कुवेत ७-०
उपाधि : ०



भिसेन्जो अल्बर्टो (२०२३-०२४)

विपक्षीविरुद्ध गोल : १०
गोल व्यहोरेको : ३५
फिफा वरीयता : १७५
फराकिलो जितः लाओस २-०
ठुलो हार : बहराइन ५-०
उपाधि : ०



म्याट रोस (२०२५ देखि)

विपक्षीविरुद्ध गोल : १
गोल व्यहोरेको : ४
फिफा वरीयता : १७६
फराकिलो जित : ०
ठुलो हार : मलेसियासँग २-०
उपाधि : ०

उपलब्धि भने स्वदेशी प्रशिक्षकको पालामा



बालगोपाल महर्जन (२०१६-०१६, २०१८-०१८, २०२०-२१)

गोल गरेको : १७
गोल खाएको : १४
ठुलो जित : भुटानविरुद्ध ४-०
फराकिलो हार : ३-०
उपाधि : बंगबन्धु, साग गेम, त्रिकोणात्मक कप

एन्फाले विदेशी प्रशिक्षकलाई नियुक्त नगरेको अवस्थामा स्वदेशीलाई जिम्मेवारी दिने गरेको छ। विदेशीभन्दा स्वदेशी प्रशिक्षकले नै नेपाललाई अन्तर्राष्ट्रिय सफलता दिलाएका छन्। यसमध्ये बालगोपाल भाग्यमानीमा पर्छन्। उनले तीनपटक नेपाली टोली हेर्ने अवसर पाए। उनले नेपाललाई २३ वर्षपछि अन्तर्राष्ट्रिय उपाधि दिलाए। सन् २०१६ मा उनकै प्रशिक्षणमा नेपालले बंगबन्ध गोल्डकप जितेको थियो। यसैगरी, सन् २०१९ मा नेपालले यू-१९ साफ च्याम्पियनसिप जित्दा उनी नै प्रशिक्षक थिए। सन् २०१९ मा नेपालमै आयोजना भएको १३औँ दक्षिण एसियाली खेलकुदमा नेपालले फुटबलमा स्वर्ण जित्दा उनी नै मुख्य प्रशिक्षक थिए। यसैगरी, सन् २०२१ मा नेपालले तीन राष्ट्र सम्मिलित प्रतियोगितामा उपाधि बालगोपालकै प्रशिक्षणमा जितेको थियो।

ग्योतुकी कोजी : नेपालले धेरै समयपछि जापानिज प्रशिक्षक कोजीलाई नियुक्त गऱ्यो। जापानको राष्ट्रिय टोलीबाट कहिले प्रतिस्पर्धा नगरे पनि कोजीले प्रशिक्षण लेभल निरन्तरता गरिरहे। एएफसीबाट राष्ट्रिय टोली सम्हाल्ने लाइसेन्स पाएपछि उनले पहिलोपटक नेपाल सम्हालेका हुन्। यसअघि उनीसँग जापानको क्लबलाई प्रशिक्षण गरेको अनुभव थियो। जापान सरकारको सहयोगमा कोजी नेपाली टोलीको मुख्य प्रशिक्षक बने। सिनियर टोलीमा सफलता हात नपारे पनि उनकै प्रशिक्षणमा एएफसी सोलिडारिटी कप भने नेपालले जितेको थियो। सो प्रतियोगितामा नेपालले एक खेल पनि नगुमाएर उपाधि हात पारेको थियो। नेपाली फुटबलमा एएफसीले आयोजना गरेको प्रतियोगिताको ट्रफी जितेको यो नै पहिलोपटक थियो।

जोहान कालिन : कालिनले छोटो समय नेपाली टोली सम्हाले। उनीसँग राष्ट्रिय टोलीलाई प्रशिक्षण गरेको कुनै अनुभव थिएन। सन् २०१३-१४ को सहिद स्मारक 'ए' डिभिजन लिगमा कालिनकै प्रशिक्षणमा मच्छिन्द्र फुटबल क्लबले अप्रत्याशित रूपमा दोस्रो स्थान रक्षा गरेको थियो। 'ए' डिभिजन क्लब सम्हालेको व्यक्ति कालिनलाई एन्फाले विदेशी प्रशिक्षकका रूपमा नियुक्त दियो। सन् २०१९ मा अस्ट्रेलियामा भएको विश्वकप छनोटमा नेपाल कुवेतसँग पहिलो चरणमा फराकिलो अन्तरले पराजित भएको थियो। फिनिसिङ लाइन बलियो बनाउन नसक्दा कालिनको समयमा नेपालको पोस्टमा विपक्षी टोलीले २३ गोल गरेका थिए। उनको कार्यकालमा नेपालले ऐतिहासिक रूपमा चाइनिज ताइपेईलाई २-० ले हराएको थियो। कालिनले १३ अन्तर्राष्ट्रिय खेलमा सहभागी जनाउँदा एकवटा मात्र नेपाललाई जित दिलाएका थिए।

अब्दुल्लाह अलमुताइरी : नेपालको फुटबलमा ग्राहम रोबर्ट्सपछि विवादमा परेका प्रशिक्षक अलमुताइरी हुन्। छोटो समय नेपाली टोली सम्हाल्दा अलमुताइरी र एन्फाबिच पटक-पटक विवाद भइरह्यो। टोलीमाथि हस्तक्षेप गरेका कारण नै उनले पदबाट राजीनामा दिए। यद्यपि, उनले आफ्नो कार्यकालमा खेलाडीलाई एउटा शैली सिकाए। त्यो थियो, मैदानमा विपक्षीजस्तो भए पनि हार नमान्ने र गोल गर्न अन्तिम सयसम्म प्रयास गरिरहने थियो। नेपाललाई पहिलोपटक साफ च्याम्पियनसिपको फाइनलमा उनले पुऱ्याएका थिए। तर, नेपाल भारतसँग फाइनलमा पराजित भयो। उनले आयुष घलान तथा मनीष डाँगीजस्ता युवा खेलाडीलाई मौका दिए। उनको समयमा धेरैजसो युवा खेलाडीले राष्ट्रिय टोलीमा स्थान बनाएका थिए।

भिसेन्जो अल्बर्टो : एन्फाले धेरै विश्वास गरेका प्रशिक्षकमध्ये इटालियन प्रशिक्षक भिसेन्जो थिए। भिसेन्जोको प्रशिक्षणमा नेपालले १८ अन्तर्राष्ट्रियमध्ये ११ खेलमा हार व्यहोरेको थियो। उनको कार्यकाल समाप्त भए पनि एन्फालाई नवीकरण प्रयास गऱ्यो। तर, एन्फाका केही पदाधिकारीका विरोध पछि भिसेन्जोको सम्झौता नवीकरण भएन। उनको समयमा नेपालले सन् २०२६ को विश्वकप छनोटमा लगातार पाँच खेलमा हारको सामना गऱ्यो। उनले खेलाडीसँग राम्रो सम्बन्ध बनाउन सकेनन्। यसैकारण सिनियर खेलाडीले उनको विरोध नै गरेका थिए।

प्याट्रिक असेम्स : बेल्जियमका प्याट्रिकले एकपटक मात्र नेपाली टोलीलाई मुख्य प्रशिक्षण दिएका थिए। सन् २०१५ को साफ च्याम्पियनसिपमा नेपाल उनकै प्रशिक्षणमा पहिलो चरणबाटै बाहिरिएको थियो। उनको प्रशिक्षणमा नेपालले एक खेल पनि जित्न सकेन। भारतसँग साफ च्याम्पियनसिपमा नेपाल ४-१ ले पराजित भएको थियो।

■ साफ यू-२० महिला च्याम्पियनसिप

नेपालको जितमा पूर्णिमाको ह्याट्रिक



नयाँ पत्रिका

नेपालले साफ यू-२० महिला च्याम्पियनसिपमा शुक्रबार भुटानमाथि ६-१ को सानदार जित निकालेको छ। ढाकाको वसुन्धरा किंग्स एरिना रंगशालामा भएको खेलमा नेपालका लागि पूर्णिमा राईले ह्याट्रिकसहित चार गोल गरिन्। उनले खेलको १८औँ, ६२औँ र ८४औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेकी हुन्। कमजोर प्रतिद्वन्द्वीविरुद्ध नेपालले पहिलो हाफमा ३-० को अग्रता लिएको थियो।

मध्यान्तरपछि नेपालले थप तीन गोल गरेको थियो। भुटानले एक गोल फर्काएको थियो। खेलको नवौँ मिनेटमा सेनु परियारले नेपाललाई १-० को अग्रता दिलाइन्। खेलको १५औँ मिनेटमा सेनु परियारको पासमा पूर्णिमाको गोल गोल अफ साइड भएको थियो। खेलको १८औँ मिनेटमा वर्षा ओलीको पासमा पूर्णिमाले गोल गर्न सफल भइन्। उनको यो व्यक्तिगत पहिलो गोल थियो। नेपालले पहिलो हाफको इन्जुरी समयमा तेस्रो गोल गरेको थियो।

नेपालकी सेनुले डिबक्सभित्रबाट गोल गरिन्। खेलको ५४औँ मिनेटमा भुटानले ३-१ का लागि गोल फर्कायो। भुटानकी केल्डेन वाङ्मोले नेपाली डिफेन्डरको कमजोर प्रदर्शनमा गोल गरिन्। खेलको ६३औँ मिनेटमा पूर्णिमाले नेपाललाई ४-१ को अग्रता दिलाइन्। खेलको ८४औँ मिनेटमा पूर्णिमाले ह्याट्रिक पूरा गरिन्। उनले सेनुको पासमा गोल गरेकी हुन्। नेपालका लागि अमिषा राईले उमेर समूहमा डेब्यु गरिन्।

खेलको ८८औँ मिनेटमा मिनेटमा पूर्णिमाले व्यक्तिगत चौथो र नेपालका लागि छैटौँ गोल गरिन्। अब नेपालले दोस्रो खेल १३ जुलाईमा बंगलादेशसँग खेल्नेछ। आयोजक बंगलादेशले आफ्नो पहिलो खेलमा श्रीलंकालाई ९-१ को फराकिलो अन्तरले हरायो। च्याम्पियनसिपमा चार टोलीको सहभागिता छ। डबलराउन्ड रोबिनमा हुने च्याम्पियनसिपको शीर्ष स्थानको टोली नै विजेता बन्नेछ।

स्कटल्यान्ड टी-२० विश्वकप छनोटबाट बाहिरियो



एजेन्सी

स्कटल्यान्ड अर्को वर्ष भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको छनोट चरणबाट बाहिरिएको छ। युरोपियन क्षेत्रीय छनोटअन्तर्गत शुक्रबार जर्सीसँग एक विकेटले स्तब्ध हुँदा स्कटल्यान्ड विश्वकपमा पुग्न असफल भएको हो। जितसँगै जर्सीले विश्वकपमा स्थान बनाउने सम्भावना बलियो बनाएको छ। हागे मैदानमा पहिलो ब्याटिङ गरेको स्कटल्यान्डले २० ओभरमा सात विकेट गुमाएर एक सय ३३ रन बनाएको थियो। जर्सीले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३४ रन जोड्दै स्कटल्यान्डमाथि सनसनी जित निकाल्यो। जर्सीका निक ग्रिनवोले लक्ष्य पछ्याएको इनिङ्समा ३६ बल खेलेर सर्वाधिक ४९ रनको योगदान दिए। उनले सात चौका प्रहार गरेका थिए। जर्सीका अन्य कुनै पनि ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन्। तर, दर्शौं विकेटसम्म जर्सीले आवश्यक साझेदारी गरेको थियो। जाकले १४ रन, जोन्टिजेनेरले १२ रन तथा बेन्जमिन वाडले १७ रनको योगदान दिए।

स्कटल्यान्डको कमजोर ब्याटिङ

विश्वकपको आशा जीवितै राख्न स्कटल्यान्डलाई जित आवश्यक थियो। अघिल्लो खेलमा इटालीसँग स्तब्ध भएको अनुभवी एसोसिएट राष्ट्र स्कटल्यान्डले जर्सीलाई हराउनुपर्ने थियो। स्कटल्यान्डलाई लगातार दुई हारले विश्वकपमा पुग्न नसक्ने थाहा थियो। यसकारण जर्सीमाथि जितबाहेक कुनै विकल्प स्कटल्यान्डसँग थिए। पहिलो ब्याटिङ गरेको स्कटल्यान्डले गतिलो प्रदर्शन गर्न सकेन। निर्णायक खेलमा ब्याट्सम्यान चुकेका थिए। शीर्ष पाँच ब्याट्सम्यान सस्तै रनमा आउट भए। स्कटल्यान्डले ६.६ ओभरमा पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा ४३ रन मात्र जोडेको थियो। त्यसपछि म्याथ्यु क्रोसले ४० बलमा ४३ रनको योगदान दिए। मार्क वाटले २४ बलमा एक छक्का र दुई चौकाको सहयोगमा २८ रन बनाए। बलिङको क्रममा जर्सीका ह्यारिसन कार्लोनले २६ रन खर्चेर तीन विकेट हात पारे।

इटाली पहिलोपटक विश्वकपमा

युरोपियन छनोटबाट अप्रत्याशित नतिजा निकालेको इटाली पहिलोपटक विश्वकपमा छनोट भएको छ। प्रतियोगिताअन्तर्गत शुक्रबार नेदरल्यान्ड्ससँग नौ विकेटले पराजित भए पनि इटाली रनरेटका आधारमा दोस्रो स्थानमा रहँदै विश्वकपमा पुगेको हो। युरोपियन छनोटमा नेदरल्यान्ड्स शीर्ष स्थानमा रहँदै लगातार विश्वकपमा छनोट भएको छ। नेदरल्यान्ड्सले चार खेलमा तीन जित र एक हारको सामना गरी सर्वाधिक ६ अंक बनायो। दोस्रो स्थानमा रहेको इटालीले ५ अंक जोड्दा दुई जित र एक हार सामना गरेको छ। जर्सीले समान खेलबाट ५ अंक बटुलेको छ। तर, रनरेटमा पछाडि रहँदा जर्सी विश्वकपमा पुग्न असफल भयो। युरोपको एसोसिएट एकदिवसीय मान्यताप्राप्त राष्ट्र स्कटल्यान्ड छनोट खेलमा कमजोर देखियो। स्कटल्यान्डले सन् २००७ र २००९ को विश्वकप खेलेको थियो। सन् २०२१ को विश्वकपमा स्कटल्यान्डले बंगलादेशमाथि सनसनी जित निकालेको थियो।

क्लब विश्वकपको असफलतापछि हल्यान्ड छुट्टीमा

म्यानचेस्टर सिटीमा आबद्ध विदेशी खेलाडी परिवारसँग छुट्टी मनाइरहेका छन्। प्रमुख स्ट्राइकर इर्लिन हल्यान्ड प्रेमिका इसाबेल जोहान्सेनसँगै स्पेनमा छन्।

एजेन्सी

इंग्लिस क्लब म्यानचेस्टर सिटीले फिफा क्लब विश्वकप फुटबल प्रतियोगितामा गतिलो प्रदर्शन गर्न सकेन। अमेरिकामा चलिरहेको प्रतियोगितामा सिटी एक दाबेदार टोली थियो। तर, नकआउट चरणमा साउदी प्रो लिग अल हिलालबाट स्तब्ध हुँदा सिटी छिट्टै घर फर्कियो। सन् २०२५/२६ को सिजनमा सिटीले महत्त्वपूर्ण उपाधि जित्ने लक्ष्य राखेको थियो। यो महत्त्वाकांक्षी योजना पूरा नभएपछि सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले आफ्ना खेलाडीहरूलाई फ्रेस बनाउन 'ब्रेक' दिएका छन्।

सिटीमा आबद्ध सबैजसो विदेशी खेलाडीहरू आ-आफ्नो परिवारसँग छुट्टी मनाइरहेका छन्। सिटीका प्रमुख स्ट्राइकर इर्लिन हल्यान्ड प्रेमिका इसाबेल जोहान्सेनसँगै छिन्। धेरैपछि ब्रेक पाएपछि हल्यान्ड र इसाबेल स्पेनमा रोमान्समा छन्।

नर्वेका युवा खेलाडी हल्यान्डले आफ्नै निजी विमान प्रयोग गरेका छन्। युरोपको इबिजा समुद्री किनारमा दुवै महँगो याट्चमा दिन बिताइरहेको बेलायती एजेन्सीले जनाएको छ। लगातारको खेलपछि थकित भएका हल्यान्ड फ्रेस देखिन्छन्। उनी कहिले प्रेमिकासँग कुराकानी र समुद्रमै स्विमिङ गरिरहेका हुन्छन्। हल्यान्डले 'ब्रेक' लिइरहेको समय यादयार बनाउन आफ्नो साथमा फोटोग्राफरसँगै लगेका छन्। फोटोग्राफरकै निर्देशनमा हल्यान्डले पोज दिने गरेका छन्।



१० वर्षदेखि इसाबेलसँगै

यी दुई जोडीको सम्बन्ध १० वर्षअगाडिदेखि चलिरहेको छ। सन् २०१५ मा जर्मन क्लब बोरुसिया डर्टमुन्डमा रहँदा हल्यान्ड र इसाबेलबिच सम्बन्ध गाँसेको हो। आधा दशक जर्मन क्लबमा बिताउँदा प्रत्येक साता हल्यान्ड प्रेमिका इसाबेललाई भेट घरमै पुग्थे। उनीहरूले प्रत्येक क्षण सोसल मिडियामा पोस्ट गर्छन्। अमेरिकामा क्लब विश्वकप चलिरहँदा इसाबेल गइनन्। उनी युरोपमै थिइन्। यद्यपि, प्रशिक्षण र खेल सकेपछि हल्यान्डले कम्तीमा एकपटक प्रेमिकासँग फोन वार्ता गर्थे। उनले विश्वकपमा चार खेलमा तीन गोल गरेका थिए। ग्वार्डिओलाले हल्यान्डलाई आराम आवश्यकता भएकाले लामो बिदा दिएका बताएका छन्। 'प्रिमियर लिगको नयाँ सिजनमा हल्यान्ड फिट र फ्रेस हुनुपर्छ, अहिले उनी धेरै थाकेका छन्,' प्रशिक्षक ग्वार्डिओलाले भने, 'यसैकारण मैले विश्वकपको प्रिक्वार्टरफाइनलबाट सिटी बाहिरिएपछि उसलाई 'ब्रेक' दिएको हुँ।'

प्रिमियर लिगकै नियम

इंग्लिस प्रिमियर लिगको व्यवस्थापनले खेलाडीहरूलाई अनिवार्य रूपमा आराम र छुट्टी दिनुपर्ने जनाएको छ। सिजन समाप्त भएपछि खेलाडीलाई आ-आफ्नो घर पठाउने चलन छ। तर, फिफा क्लब विश्वकप नजिकिँदै गर्दा सिटीले आफ्ना खेलाडीलाई प्रशिक्षणमा राख्यो। सिटीले मात्र नभएर चेल्सीले खेलाडीलाई व्यस्त बनायो। चेल्सी अहिले फाइनलमा पुगेको छ। चेल्सीले आइतबार पेरिस सेन्ट जर्मेनसँग उपाधिका लागि खेल्नेछ। 'हामीले उपाधि जित्ने लक्ष्यका साथ प्रशिक्षण गरेका थियौं। तर, फरक मैदानमा सोचेजस्तो नतिजा आएन,' सिटीका प्रशिक्षक ग्वार्डिओलाले भने, 'फेरि सिटीले पनि प्रिमियर लिगको नियम पालना गर्नुपर्छ। विश्वकप सकेपछि मैले खेलाडीलाई 'ब्रेक' दिए।' १६ अगस्टमा सिटीले उल्भ्ससँग प्रतिस्पर्धा गर्दै प्रिमियर लिगको सुरु गर्नेछ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।


बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा


पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com